**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 28 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६५

## पत्रकार महासङ्घको सदस्यता विवाद चुलिँदै

## केन्द्र र शाखामा तालाबन्दी

प्रस, वीरगंज, १४ जेठ/

नेपाल पत्रकार महासङ्घले जेठ १३ गते बेलुकी सदस्यता टुङ्गो लगाएर नाम




तस्वीरः प्रतीक

सार्वजनिक गरेलगत्तै देशभर सो विषयलाई लिएर शाखा र महासङ्घका पदाधिकारी सदस्यहरूले यसको विरोध गरेका छन् ।

नयाँ सदस्यता वितरण, नवीकरणलगायतका विषयमा महासङ्घले विधानसम्मत काम नगरेको भन्दै सोमवार प्रेस चौतारी नेपाल र समाजवादी प्रेस सङ्गठनले महासङ्घको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेको छ। यसअघि सदस्यता टुङ्गो लाग्नुअघि नै हिजो नेपाल प्रेस युनियनले महासङ्घको कार्यालय तिलगङ्गामा तालाबन्दी गरेको थियो ।

यता, सोमवार महासङ्घमा आबद्ध पाँचजना सचिव र चारजना सदस्य गरी नौजनाले संयुक्त विज्ञप्ति प्रकाशित गर्दै महासङ्घको सदस्यता टुङ्गो लगाएर मात्र निर्वाचन गर्न निर्वाचन समितिसँग आग्रह गरेको छ । २४ घण्टाभित्र माग पूरा नभए सोबाट सिर्जित समस्याको जिम्मेवार सम्बद्ध पदाधिकारीहरूले लिनुपर्ने चेतावनी दिइएको छ ।

विज्ञप्तिमा निर्वाचनको मिति नजीकिंदै जाँदा महासङ्घमा आबद्ध जिम्मेवार पदाधिकारीहरूले एकतर्फीरूपमा हस्ताक्षर गरी सार्वजनिक गरेको सदस्यता नामावलीप्रति ध्यानाकर्षण भएको भन्दै सदस्यता शुद्धीकरणको नाममा सञ्चार कर्ममा क्रियाशील व्यक्तिहरूको नाम हटाइएको, नवीकरण नगरिएको र क्रियाशील नयाँ पत्रकारहरूलाई सदस्यता प्राप्त गर्ने अधिकारबाट वञ्चित राखिएको भन्दै महासङ्घको साझा चरित्र, विधि विधान र मर्मलाई लत्याउने काम भएको विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला शाखाले नचिनेका, पत्रकारितामा नरहेका, पुरानो सदस्यता सूचीमा नाम नभएका व्यक्तिहरूको नाम किर्ते गरी थपिएको, एउटै मापदण्डमा पर्ने सदस्यहरूमध्ये नियतवश कुनै सदस्यको नवीकरण नगरिएको र कसैलाई हटाइएकोप्रति विज्ञप्तिमार्फत आपत्ति जनाइएको छ। सचिवहरू गोविन्द चौलागाई, दीपेन्द्र चौहान, सिर्जना अर्याल, नारायण सुन्दर किलम्बु, हेमकर्ण विक र केन्द्रीय सदस्यहरू माधव पौडेल, सुभाषप्रसाद साह, उत्तम विष्ट, शान्ताराम बिडारीले संयुक्त विज्ञप्ति जारी गरी महासङ्घको सदस्यता सार्वजनिकीकरणको विरोध गरेका छन्।

**पर्सा शाखामा तालाबन्दी**

यसैबीच, सदस्यता विवाद सम्बन्धलाई लिएर नेपाल पत्रकार महासङ्घ, पर्सामा समाजवादी प्रेस सङ्गठन, पर्साले तालाबन्दी गरेको छ । सङ्गठनका सचिव बृजलाल पासवानको सदस्यता नवीकरण नगरिएको र सदस्यका लागि आवेदन भरेका श्याम सर्राफको जिल्लाबाट सिफारिश भएकोमा सदस्यता प्रदान नगरिएको भन्दै आपत्ति जनाइएको छ। नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले पनि सदस्यता सार्वजनिक भएपछि विरोध जनाएका छन्। उनले शाखा सदस्य १४० जना रहेकामा १२१ जनाको नाम नवीकरणको लागि पठाइएकोमा सोबाट पनि काँटछाँट गरिएको र सदस्यता नभएका तीनजनाको नाम नवीकरण गरेर पठाइएको भन्दै आपत्ति जनाए । यसैगरी, उनले नयाँ सदस्यता सिफारिशमा पनि जिल्लाको सिफारिश अनुसार काम नभएको र केन्द्रले आफूखुशी सदस्यता थप्ने काम गरेको भन्दै आपत्ति जनाएका छन् । उनले शाखाले ३० जनाको नाम सिफारिश गरेर पठाएकामा शाखाको सिफारिश नभएका छजनाको नाम थप भएको र सिफारिश गरी पठाइएमध्ये थुप्रैजनाको नाम हटाइएको भन्दै आपत्ति जनाए । उनले महासङ्घको विधान अनुसार सदस्यताको लागि मापदण्ड पूरा गरी सदस्यताको आवेदन दिनुपर्ने र सो आवेदन अनुसार सिफारिश नभएका आवेदकहरूले मात्र मधेस प्रदेश र केन्द्रमा उजूरी गर्नुपर्नेमा जिल्ला शाखामा आवेदन नै नभरेका व्यक्तिहरूलाई प्रदेशको सिफारिश र केन्द्र स्वयंले आफूखुशी सदस्यता दिएको भन्दै आपत्ति जनाए । उनले नेपाल पत्रकार महासङ्घले गत स्थानीय चुनावमा उम्मेदवार बनेकाहरूको हकमा सदस्यता खारेज गर्न शुरूमा सिफारिस लिएको र पछि पराजित भएकाहरूको हकमा पुनः पत्रकारितामा सक्रिय भएकाहरूलाई सदस्यता दिने भनी गरेको निर्णय पनि ७६ जिल्लामा लागू भएको तर पर्सा जिल्लामा सो नियम लागू नगर्दा तीनजना पत्रकारमाथि अन्याय भएको बताए ।

**निर्वाचन प्रभावित हुने**

नेपाल पत्रकार महासङ्घले यही जेठ २६ गते सबै शाखालाई निर्वाचन गरी नयाँ नेतृत्व चयन गर्न निर्देशन गरेको थियो। यस प्रयोजनको लागि महासङ्घले निर्वाचन समिति पनि बनाइसकेको छ । तर सदस्यतासम्बन्धी टुङ्गो लगाउन ढिलो भएको र टुङ्गो लागेपछि देशभर विवाद सिर्जना हुँदा जेठ २६ गते हुने निर्वाचन प्रभावित हुने देखिन्छ ।

देशभरिबाट सदस्यता विवाद चुलिएको र थुप्रै शाखा अध्यक्षले यसको विरोध गर्दै निर्धारित समयमा यथास्थितिमा निर्वाचन गर्न नसकिने चेतावनी दिएका छन्।

## राष्ट्रिय खोप अभियान प्रभावित हुने

प्रस, वीरगंज, १४ जेठ/

पर्सा जिल्लामा पहिलो चरणको राष्ट्रिय खोप अभियान प्रभावित हुने देखिएको छ। जेठ १३ गतेदेखि सञ्चालित राष्ट्रिय खोप अभियान अन्तर्गत पर्सा जिल्लाका आठवटा पालिकामा पहिलो चरणको खोप अभियान शुरू भएको थियो ।

१६ गतेसम्म सञ्चालन हुने पहिलो चरणको खोप अन्तर्गत वीरगंज महानगरपालिकाका एकदेखि १६ वटा वडा, बहुदरमाई नपा, छिपहरमाई, पकाहामैनपुर, धोबिनी, विन्ध्यवासिनी र ठोरी गाउँपालिका गरी आठवटा पालिकामा खोप अभियान सञ्चालित छ। यसैबीच, वीरगंज महानगरपालिकाले खोप अभियान सञ्चालन भइरहेकै अवस्थामा विद्यालय बन्द गरेपछि खोप अभियान प्रभावित हुने देखिएको हो ।

महानगरको शिक्षा महाशाखाले सोमवार सूचना जारी गर्दै जेठ १६ देखि १८ गतेसम्म तीन दिन अत्यधिक गर्मीको कारण वार्षिक बिदाबाट कट्टा हुनेगरी महानगर अन्तर्गतका विद्यालयहरू बन्द गरेको छ। विद्यालयहरू बन्द गर्दा खोप अभियान प्रभावित हुने स्वास्थ्य शाखा पर्साका अधिकृत जयमोद ठाकुरले बताए। उनले महानगरका शिक्षा र स्वास्थ्य शाखाबीच समन्वय नहुँदा विद्यालयहरू बन्द गरिएको र यसले खोप अभियान प्रभावित हुन सक्ने बताए । उनले जेठ




सोमवार वीरगंज महानगरपालिकाले तीन दिने गर्मी बिदा दिएपछि घरतर्फ जाँदै विद्यार्थीहरू । तस्वीरः प्रतीक

१५ गते सार्वजनिक बिदा रहेको र १६ गते एक दिन मात्र विद्यालय सञ्चालनमा आएका भए पहिलो चरणको खोप अभियान प्रभावित हुँदैनथ्यो भनी बताए।

बिदा हुने भएपछि आज महानगर अन्तर्गतका वडा र अन्य पालिकामा खोप अभियान प्रभावित भएको र धेरै खोप फिर्ता आएको बताए । पर्सा जिल्लामा पहिलो चरणमा जेठ १३ देखि १६ गतेसम्म र दोस्रो चरणमा २० देखि २६ गतेसम्म राष्ट्रिय खोप अभियान सञ्चालन छ । प्रायः विद्यालयहरूमैं खोप केन्द्र रहेकाले विद्यालयहरू बन्द भएपछि पर्सामा पहिलो चरणको खोप अभियान प्रभावित हुने जनाइएको छ ।

२०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकाहरूलाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान सरकारले सञ्चालन गरेको हो । सो अवधिमा खोप अभाव भएकोले सरकारले कार्यक्रम सञ्चालन गर्न नसकेको र अहिले सोही उमेर समूहका बालबालिकालाई लक्षित गरेर राष्ट्रिय खोप अभियान २०८१ सञ्चालन गरेको हो ।

पर्सा जिल्लामा सो अवधिमा खोप लिनबाट वञ्चित ३१ हजार ८१२ जनालाई खोप दिने लक्ष्य रहेकामा प्रतिकूल अवस्थाले खोप प्रभावित हुन सक्ने बताइन्छ ।

## सशस्त्र प्रहरी जनधनको सुरक्षामा सक्रिय -सप्रनामनि शाह

प्रस, वीरगंज, १४ जेठ/

सशस्त्र प्रहरी बल नेपाल नं ४० रिजर्भ गण हेडक्वार्टर पिलुवाको सोमवार २३औं स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहले विशेष परिस्थितिमा २०५८ जेठ १४ गते स्थापना भएको भद्रकाली गणको नाम परिवर्तित सङ्गठनको विधान अनुसार अहिले रिजर्भ फोर्सको रूपमा रहेको संस्थाले जनधन सुरक्षासहित राजमार्ग सुरक्षामा गरेको सहयोग अतुलनीय रहेको बताए ।

सशस्त्र प्रनामनि शाहले पूर्व-पश्चिम राजमार्गमा हुने अवैध गतिविधि तथा सवारी दुर्घटना न्यूनीकरणसँगै बारा, पर्सा, रौतहट क्षेत्रमा आउने सम्भावित सङ्कटको बेला प्रत्यक्षरूपमा सशस्त्र प्रहरी रिजर्भ फोर्सले सहयोग गरेकोप्रति खुशी व्यक्त गरे। मधेस प्रदेश मुख्यालय बर्दिवास देशमैं पहिलो नम्बरमा मूल्याङ्कन भएकोप्रति खुशी व्यक्त गर्दै शाहले यसमा सङ्गठनका सबै प्रहरी जवानदेखि अधिकृतले सहयोग गरेको बताए ।

स्थापना दिवसको अवसरमा सञ्चालित साताव्यापी कार्यक्रममा विजयी प्रतिनिधिहरूलाई प्रमुख अतिथिहरूले सम्मानित गरेका थिए ।

रिजर्भ गणका सशस्त्र प्रहरी उपरीक्षक मोहन क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली सेनाको आइजिडब्लूका समादेशक महासेनानी डा विजीतराज रेग्मी, प्राविधिक तालीम शिक्षालयका समादेशक सप्रवउ प्रमोद शाह, जिल्ला प्रशासन कार्यालय, बाराका सप्रजिअ छविरमण भट्टराई, प्रदेश कृषि निर्देशनालयका निर्देशक डा विश्वेश्वर यादव, प्रउ महेन्द्र खड्का, सेनानी कुमार खड्का, अनुसन्धान उपनिर्देशक दीपक खड्कालगायत विभिन्न उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूको सहभागिता थियो। कार्यक्रमको सञ्चालन सशस्त्र प्रहरी निरीक्षक दिलीप बस्नेतले गरेका थिए ।

## पोखरिया नपाका कर्मचारीले चार महीनादेखि तलब पाएनन्

प्रस, पोखरिया, १४ जेठ/

पोखरिया नगरपालिकामा कार्यरत कर्मचारीहरूले तीन/चार महीनादेखि तलब नपाएको गुनासो गरेका छन् । नगरपालिकामा दरबन्दीका ३०, करारका १२३ र दैनिक ज्यालादारीका ६० जनाभन्दा बढी कर्मचारी छन् ।

दरबन्दीका कर्मचारीहरूले तीन महीनादेखि र करार तथा दैनिक ज्यालादारीका कर्मचारीले चार महीनादेखि तलब पाएका छैनन्। प्रशासन शाखा प्रमुख सञ्जय पाण्डेले तलब निकासा नभएको कारण तलब दिन ढिला भएको बताए ।




तस्वीरः फाइल

उनले अहिले तलब निकासा भइसकेको छ र एक/दुई दिनमा नै वितरण हुने बताए ।

कोलेनिका, पर्साले भने पोखरिया नपाको लागि वैशाखको पहिलो हप्तामैं चालू र पूँजीगत खर्चबापतको बजेट विनियोजन गरी पठाएको जनाएको छ ।

## बलात्कार मुद्दाको अभियुक्त पक्राउ परेन, मिलापत्रको लागि दबाब

प्रस, परवानीपुर, १४ जेठ/

पर्सा जिल्लामा बलात्कार घटनाको अभियुक्तलाई बचाउन पीडक पक्षले चलखेल शुरू गरेको छ ।

बहुदरमाई नगरपालिकामा वैशाख १२ गते साँझ ७:३० बजे २२ वर्षीया महिलाको बलात्कार घटनाका अभियुक्त ४२ वर्षीय भीम यादव हालसम्म पक्राउ परेका छैनन् भने उनलाई बचाउन सो समूहले चलखेल शुरू गरेको पीडित पक्षले आरोप लगाएको छ ।

गएको शनिवार बिहान जबरजस्ती एउटा कपाली कागजमा सही गराएको समेत पीडित पक्षले दाबी गरेको छ ।

(बाँकी अन्तिम पातामा)



पीडित महिला र उनको पति । तस्वीरः प्रतीक

## विचारसार र सुक्तिहरू

कष्ट सहेर नै कोही मानिस सबैभन्दा बलियो बन्न सक्छ । सबैभन्दा महान् चरित्रमा घाउको दाग हुन्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# जनअपेक्षाको कडीमा गणतन्त्र

**आज जेठ १५ गते हाम्रो देशले १७औं गणतन्त्र दिवस मनाउँदै छ । २०६२/६३ को जनान्दोलनपछि देश गणतन्त्र घोषित भएको थियो र सोही बखतदेखि प्रत्येक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसको रूपमा मनाउन थालिएको हो । यो दिन नेपालको राजनीतिक इतिहासमा एउटा युगान्तकारी र ऐतिहासिक दिन हो । नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट २४० वर्षे राजतन्त्रको अन्त्य गर्दै जनताको जीत भएको दिन पनि हो । यसरी जितिएको पनि १५ वर्ष बितिसक्यो । गणतन्त्रका उपलब्धि संस्थागत गर्नका लागि यो अवधि कम होइन । राज्यले यस सवालमा कति काम गर्न सक्यो, सर्वसाधारण नागरिकले गणतन्त्रको प्रत्याभूति कति गर्न सके भनी चित्तबुझ्दो जवाफ आउने अवस्था अझै बनिसकेको भने छैन । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक कुनै पनि पक्षमा देशले गणतन्त्रलाई आमजनतामाझ पूर्णरूपले आश्वस्त पार्न सकेकै छैन । बरु यो अवधिमा राज्य सञ्चालक तथा आफूलाई लोकतन्त्रको रक्षक ठान्ने राजनीतिक दल तथा तिनका नेताहरूमा कुनै न कुनै रूपमा सामन्ती सोच, संस्कार र व्यवहार हुर्किंदै गएको अनुभूति गरिंदैछ । सर्वहारावादी क्रान्तिको अगुवाइगर्नेहरू यो अवधिमा नवपूँजीपति, नवसामन्तीको रूपमा उदय भएका छन् ।**

**जनताको शासन स्थापित भई राजाको स्थानमा जनताका छोराछोरी राष्ट्रपति र उपराष्ट्रपति बनेका छन् । तर दुर्भाग्य मुलुकमा गणतन्त्र आए पनि व्यवहारमा शासकको मनोवृत्ति गणतान्त्रिक बन्न सकेको छैन । यसले जनस्तरमा गणतन्त्रात्मक शासन व्यवस्था महसूस हुन पाइएको छैन । गणतन्त्रलाई जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा परिवर्तन गर्नु त्यति सहज छैन । राजनीतिक दलका नेता तथा सरकारका क्रियाकलापहरू लोकतन्त्र र गणतन्त्रमुखी देखिएकै छैन । सरकारका कैयौं स्वेच्छाचारी निर्णयले जनताको हित र कल्याणभन्दा सत्तामुखी तथा व्यक्तिगत स्वार्थ केन्द्रित भएको देखिएका छन् । मुलुकको शासन व्यवस्था लोकतान्त्रिक हो । तर राजनीतिक नेतृत्वको चरित्र लोकतान्त्रिक भने हुन सकेको छैन, यो अत्यन्त दुःखद हो । राजतन्त्र फालेर मुलुक गणतन्त्रमय हुनु राजनीतिक दृष्टिले महत्त्वपूर्ण उपलब्धि भएकोमा द्विविधा छैन । तर जबसम्म जनस्तरमा शासन व्यवस्था परिवर्तनको अनुभूति हुन सक्दैन, तबसम्म त्यसको कुनै औचित्य हुँदैन । यसले मुलुकको शासन व्यवस्था परिवर्तनका लागि बलिदान दिने शहीदहरूको उत्सर्गको पनि अवमूल्यन भइरहेको छ । पटकपटक राजनीतिक आन्दोलनमैं अल्झिरहने समय जनतासँग छैन ।**

**लोकतान्त्रिक गणतन्त्रलाई सर्वसाधारणको दैनिक जीवनमा अनुभूति हुनेगरी अगाडि बढ्न नेतृत्व तहमा व्यवहार परिवर्तनको खाँचो छ । तसर्थ राजनीतिक दलहरूको नेतृत्वदायी ओहोदामा बसेका शीर्ष नेतृत्वले लोकतन्त्र, गणतन्त्रको कुरा भाषण अनि दस्तावेजहरूमा मात्रै सीमित नराखी व्यवहारमा उतार्न सक्नुपर्छ । नेतृत्व तहले आफ्ना प्रवृत्तिहरूमा परिवर्तनका साथै मुलुकको आर्थिक विकास र समृद्धि उन्मुख नीति निर्माणको जरुरी छ । आम नेपाली जनताको जीवनमा गणतन्त्रले परिवर्तन ल्याउन सके, आमजनताले त्यो परिवर्तन महसूस गर्न सके मात्रै गणतन्त्र दिवसको औचित्य सिद्ध हुन सक्छ । यसो हुन नसके गणतन्त्रविरोधीहरूले खेल्ने मौका पाउनेछन् भन्नेतर्फ पनि ध्यान दिन जरुरी छ ।**

# सङ्घीय गणतन्त्रको औचित्य

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**नेपालले किन सङ्घीयतामा जाने निर्णय गऱ्यो ? एकात्मक शासन प्रणाली अँगालेका देशहरू किन सङ्घ बने ? यी प्रश्न सङ्घीयताको मूल विषयसँग जोडिएको छ । २०औं शताब्दीमा आन्तरिक उथलपुथल र असन्तुष्टि छिचोल्न सरकारहरू सङ्घीयतातिर लागे ।**

सङ्घीय सरकारले राज्य बनाएको होइन, राज्यले सङ्घीय सरकार बनाउँछ– रोनाल्ड रेगन

आज देश गणतन्त्र घोषणा भएको १७ वर्ष पुगेर १८ वर्ष लाग्यो । देशमा यो व्यवस्था स्थापनाको लागि माओवादीको भूमिका अहम् रह्यो, यसमा दुई मत छैन तर जनताले अहिलेसम्म त्राण पाउन सकेको छैन । यो १७ वर्षमा देशका सबै संवैधानिक निकायलाई पङ्गु पार्नेबाहेक केही भएको छैन भन्दा हुन्छ । यस अवधिमा सरकार सधैं त्रिशङ्कु रहेको छ । दलका नाम मात्र भिन्न छन्, देश लुट्न यी अभिन्न छन् ।

कैलाश सिरोहिया र कान्तिपुरको पछिल्लो मुद्दाले देश कहाँ छ भन्ने स्पष्ट हुन्छ र नेपाली काङ्ग्रेसले देशलाई कसरी लुटेको रहेछ छर्लङ्ग हुन्छ । यसो भनी रहँदा अरू दलहरू चोखा छन् भन्ने होइन । जतातते भ्रष्टाचारका मुद्दा व्यापकरूपमा उठिरहेका छन् । भनिन्छ, कुनै पनि मुलुकमा लोकतन्त्र परिपक्व हुन ४०–५० वर्ष लाग्छ । गणतन्त्रको प्रयोग भएको सात वर्ष मात्र भयो ।

तत्कालीन नेकपा (माओवादी)को सशस्त्र द्वन्द्वमा करीब १७ हजार मानिस मारिए, हजारौं घाइते भए र हजारौं विस्थापित भए । ग्रामीण क्षेत्र वर्षौंसम्म माओवादी विद्रोहीको प्रभावमा थियो भने शहरी क्षेत्र आतङ्कमा बाँचिरहेको थियो । माओवादीहरू शान्ति प्रक्रियामा प्रवेश गरेपछि देशको दक्षिणी तराई–मधेस क्षेत्रमा नयाँ आन्दोलन शुरू भयो । मधेसबाट पहाडी मूलका लाखौं मानिस विस्थापित भए । २४० वर्ष लामो राजतन्त्रबाट मुलुक लोकतान्त्रिक गणतन्त्रमा परिणत भयो र देशमा शताब्दीयौंदेखिको एकात्मक व्यवस्थालाई परित्याग गर्दै सङ्घीयता अँगालियो ।

नेपालले किन सङ्घीयतामा जाने निर्णय गऱ्यो ? एकात्मक शासन प्रणाली अँगालेका देशहरू किन सङ्घ बने ? यी प्रश्न सङ्घीयताको मूल विषयसँग जोडिएको छ । २०औं शताब्दीमा आन्तरिक उथलपुथल र असन्तुष्टि छिचोल्न सरकारहरू सङ्घीयतातिर लागे । स्पेन स्वायत्त क्षेत्रहरूलाई सशक्त बनाउन सङ्घीय राज्य संरचनामा गएको हो । इथियोपिया, सुडान, कङ्गो र इराकले दशकौं लामो सैन्य द्वन्द्व समाधान गर्ने प्रक्रियामा सङ्घीयता अँगाले । ब्रिटिशद्वारा एकीकृत भारतले सामाजिक, सांस्कृतिक, भाषिक र भौगोलिक विशेषताहरूमा आधारित सङ्घीय सरकार अँगाल्यो । भारतको स्थापना हुँदा १४ राज्य थिए, अहिले २८ राज्य र आठ केन्द्र शासित प्रदेश छन् । सन् १७७६ मा संयुक्त राज्य अमेरिकाले स्वतन्त्र र सार्वभौम राज्यहरूलाई आपसी सहमति र सम्झौतामार्फत साझा हित व्यवसाय सञ्चालन गर्न अनुमति दिने लक्ष्यका साथ सङ्घीयता अँगाल्यो ।

केन्द्र र विभिन्न सङ्घीय विभाजनबीच राज्यशक्तिको बाँडफाँड सङ्घीयताको प्रमुख विशेषता हो । सङ्घीय शासन प्रणालीमा देशको राजनीतिक, प्रशासनिक, आर्थिक, न्यायिक र अन्य अधिकारहरू सङ्घीय एकाइबीच विभाजित हुन्छन् । नेपालको संविधानको प्रस्तावना अनुसार भौगोलिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय, जातीय, भाषिक, धार्मिक, लैङ्गिक तथा अन्य प्रकारका जातीय छुवाछूत हटाएर आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न र समावेशी लोकतन्त्र प्रवर्द्धन गर्न सङ्घीयताको स्थापना भएको हो– समानुपातिक, समावेशी र सहभागितामूलक विधिमार्फत । जनसाङ्ख्यिकीय, भौगोलिक वा आर्थिक आकार जे भएपनि नेपालसहित विश्वका करीब २०० देशमध्ये २९ देशले सङ्घीय शासन प्रणाली अँगालेका छन् ।

**नेपालको सङ्घीयताका उपलब्धि:**

मुलुकले सङ्घीयता अङ्गीकार गरेपछि केही उल्लेखनीय उपलब्धि भएका छन् । उपराष्ट्रिय सरकारहरू (प्रदेश र नगरपालिका) स्थापना भएका छन् । कोभिड–१९ महामारीको ब्रेकआउट लगायत प्रतिकूलताका बावजूद उपराष्ट्रिय सरकारहरूले धेरै उल्लेखनीय उपलब्धि हासिल गरेका छन् । जनताको आवश्यकतालाई सम्बोधन गर्ने सन्दर्भमा प्रदेश र नगरपालिका सरकारहरूनजीक भएका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएदेखि नै जनताको सार्वभौमसत्ता निर्वाचित प्रतिनिधिले प्रयोग गर्दै आएका छन् । सङ्घीय संविधानले समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीको व्यवस्थाले सबै प्रकारका सरकारी निकायमा महिलाको प्रतिनिधित्व बढाउने बाटो खुला गरेको छ । विश्वभरका संसद्को प्रतिनिधित्व गर्ने अन्तरसंसदीय सङ्घका अनुसार भारत, चीन र संयुक्त राज्य अमेरिकाको संसद्मा क्रमशः १५५, २५५ र २८५ महिला सदस्य छन् । नेपालमा यो सङ्ख्या ३४ प्रतिशत छ । नेपालको संसद्मा भारतको तुलनामा दोब्बर बढी महिला छन् । स्थानीय तहमा महिलाको जनसङ्ख्या ४१ प्रतिशत रहेको छ । पहिलेको शासन प्रणालीको संस्थागत संरचना फेरबदल भएको छ । स्थानीय र प्रदेश तहमा आधाभन्दा बढी निजामती कर्मचारीको पुनर्संरचना भइसकेको छ ।

जिल्ला सदरमुकाममा रहेका अधिकांश विकास कार्यालय स्थानीय तहमा पुगेका छन् । सङ्घीय तहमा कतिपय मन्त्रालय, विभाग र संस्थान छन् । संस्थागत पुनर्गठन र कर्मचारी समायोजन भइसकेको छ । उच्चपदस्थ निजामती कर्मचारीलाई देशको दुर्गम क्षेत्रमा काम गर्न विरलै पठाइन्थ्यो । तर अहिले उनीहरू स्थानीय र प्रदेश तहमा काम गर्न बाध्य छन् । उच्च श्रेणीका कर्मचारीहरू तल जानु भनेको जनताको घरमा सेवाहरू पुऱ्याउनु पनि हो । २० वर्षदेखि असम्भव भएको स्थानीय निर्वाचन सङ्घीय संरचना बनेपछि मात्र सम्भव भएको हो भन्ने कुरा हामीले बिर्सनुहुँदैन । सङ्घीय संरचनाको स्थापना हुनुअघि नेपालको कुल आन्तरिक राजस्व १० अर्ब रुपियाँभन्दा कम थियो । अहिले स्थानीय तहले करीब ४० अर्ब रुपियाँ आन्तरिक राजस्व उठाउन सक्ने अवस्था छ । पहिले ३० लाख बजेट मात्रै व्यवस्थापन गर्न सक्ने स्थानीय सरकारले अहिले एक अर्बभन्दा बढीको बजेट व्यवस्थापन गर्न सक्ने भएका छन् । आन्तरिक स्रोत र बजेट विस्तारले पनि विकास र सेवाप्रवाहमा गुणात्मक फड्को मार्छ । सङ्घीयताका कारण केन्द्रिकृत राज्यका स्रोत–साधनको संवैधानिकरूपमा विकेन्द्रीकरण भएको छ । सङ्घीयताले व्यक्तिलाई आत्मनिर्भर बन्न पनि सहयोग गरेको छ । सङ्घीयता हुनुअघि विभिन्न राज्य सेवा लिनका लागि नागरिकहरू जिल्ला सदरमुकाम र राजधानी पुग्थे । हाल स्थानीय तहबाट करीब ७० प्रतिशत सेवा पाइन्छ । यसबाहेक नागरिकहरूले नगरपालिकाले प्रदान गर्ने सेवाहरू पाउँछन् । नागरिकप्रतिको दायित्वको मात्रा बढेको छ । पहिले अधिकार पाएका र अधिकार खोज्नेहरू अहिले अरूलाई अधिकार दिने स्थितिमा छन् । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट स्रोतसाधन माग्नेहरू अहिले स्वतन्त्ररूपमा बाँडफाँड गर्ने अवस्थामा छन् ।

द्वन्द्वका क्रममा ग्रामीण क्षेत्रका अधिकांश बासिन्दा घरबार छाडेर भागेका थिए । मधेस आन्दोलनमा पनि हजारौं बासिन्दा लखेटिए । सङ्घीय शासन प्रणाली अपनाएपछि मुलुकमा शान्ति छाएको छ । नागरिकका समस्याहरू क्रमशः प्रादेशिक प्रशासनमा हस्तान्तरण हुँदैछन् । सङ्घीयतालाई एउटै आकारका सबै समाधानका रूपमा लिनुहुँदैन । सङ्घीयता हुनुअघि राज्य सञ्चालन प्रणालीमा विशिष्ट जात र समुदायको प्रभुत्व थियो । सङ्घीयता कार्यान्वयनमा आएपछि सुधार भएको छ । यसबाहेक अहिले विकास निर्माण र सेवाप्रवाहका क्षेत्रमा प्रादेशिक सरकारहरूबीच प्रतिस्पर्धा छ । केन्द्रीय सरकारको अधिकार प्रादेशिक तहसम्म फैलिएको छ । सेवा केन्द्रहरू सर्वसाधारणको पहुँचमा थपिएका छन् । गाउँपालिकाबाट जिल्ला सदरमुकाम र राजधानी पुग्न कति खर्च भयो र अहिले कति खर्च लाग्छ ? सङ्घीयताको लागत र माथिदेखि तलसम्म सेवाप्रवाहको विश्लेषण गरौं ।

सङ्घीयताको सबैभन्दा ठूलो सफलता शान्ति हो । देशभरि शान्ति छाएको छ । हामीले द्वन्द्वकालको आतङ्को अवस्थालाई अहिलेको अवस्थासँग सजिलैसँग तुलना गर्न सक्छौं । द्वन्दकालमा राजधानीका बासिन्दाले पनि राम्ररी निद्रा पाउन सकेका थिएनन् । शान्तिको मूल्यलाई सङ्घीयताको मूल्यसँग तुलना गरौं । कुनै पनि शासन प्रणालीका प्राथमिक लक्ष्यहरू प्रगति, समृद्धि र सुशासन हुन् । शान्ति अझ महत्त्वपूर्ण हो । देशमा शान्ति नभएको भए गणतन्त्रको पनि केही अर्थ हुँदैन थियो । अब यो प्रणालीलाई कम खर्चिलो र थप अनुकूल बनाउनमा ध्यान केन्द्रित गर्ने समय हो । सङ्घीयताको कारण मुलुकले स्थायित्व र शान्ति प्राप्त गरेको छ । सङ्घीयता बुझ्नेहरूका लागि देश समृद्ध बनाउने अवसर हो भने नबुझ्नेहरूका लागि यो बोझ हो ।

**परिवर्तन सम्भव छः**

तीनवटै तहका सरकार संवैधानिक सीमाभित्र रहेर काम गर्ने हो भने लागत व्यवस्थापनमा चिन्ता लिनुपर्ने कारण छैन । सङ्घीय सरकार आफ्नो केन्द्रिकृत मानसिकताबाट मुक्त हुन जरुरी छ । केन्द्रमा ठूलो संस्थागत ढाँचा अनावश्यक छ । मुलुकको प्रहरी सङ्गठन सङ्घीय संरचना अनुसार परिमार्जन हुन सकेको छैन र यो ढिलाइले प्रदेशहरू पछाडि पर्दैछन् । उनीहरूले संवैधानिक कर्तव्य पूरा गर्नका लागि प्रहरीलाई पनि प्रदेश मातहत राख्नेछन् । सङ्घीय स्वरूपको प्रशासनलाई न्यून खर्चमा सञ्चालन गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको हालको आधा जनशक्ति प्रदेशमा समायोजन गर्नुपर्छ । आधाभन्दा बढी कार्यहरू खारेज भइसकेका छन् भने हामीलाई केन्द्रमा निजामती अधिकारी र अन्य जनशक्तिको ठूलो समूह किन चाहियो ? जरुरी नै छैन ।

प्रदेशमा मन्त्री सङ्ख्या घटाएर सङ्घीय शासन प्रणालीमा सुधार गर्नु पनि मुख्य ध्यानाकर्षणको विषय हो । प्रदेशसभामा मन्त्री सङ्ख्या कुलको १० प्रतिशतमा सीमित हुनुपर्छ । यसको लागि संविधान संशोधन आवश्यक छ । त्यस्तै, निजामती सेवा ऐन नहुँदा पनि प्रादेशिक तहमा कर्मचारी प्रशासनको जटिलता देखिएको छ । जसका कारण सेवाप्रवाह प्रभावित भएको छ । सरकारले यस सम्बन्धमा ऐन ल्याउने बताए पनि कर्मचारीभन्दा जनताको हितलाई ध्यानमा राखेर ल्याउनुपर्ने बताइएको छ । नयाँ व्यवस्थामा जनताको शान्ति, सुशासन, उन्नति र समृद्धिको आकाङ्क्षा रहे पनि उनीहरूको चाहना अनुसार काम हुन सकेको छैन । कानून निर्माण समान गतिमा चल्छ ।

सङ्घीयताका कारण नागरिकले धेरै अधिकार पाएका छन् । तर सङ्घीय सरकार बारम्बार परिवर्तन हुँदा धेरै कुरा अड्किएर बसेका छन्, जसले गर्दा प्रतिनिधिसभाले प्रभावकारी काम गर्न सकेको छैन । दुई महीनादेखि संसद् अवरुद्ध छ । जनताको पक्षमा पास हुनुपर्ने कानूनहरू पास हुन पाएका छैनन् । यसमा व्यवस्था दोषी छैन, यसका परिपालकहरू दोषी छन् । प्रादेशिक राजनीतिक परिवेशमा आएको परिवर्तनका कारण सङ्घीयताको कार्यशैलीमा क्षति पुगेको छ । सङ्घीयता सुदृढीकरणका लागि संसद्को सक्रिय सहभागिता आवश्यक छ । संसद् सञ्चालनमा आयो भने कानून निर्माणलगायतका विभिन्न प्रक्रियाहरू अगाडि बढ्न सहज हुन जान्छ ।

नेपालको सङ्घीयता समन्वय र सहकार्यको अवधारणामा आधारित छ, जसलाई अपनाएमा मुलुकको सुदृढीकरणमा टेवा पुग्नेछ । सशक्तीकरण विभिन्न तरीकाबाट हासिल गर्न सकिन्छ । प्रादेशिक समन्वय परिषद्, क्षेत्रगत विषयगत समिति र अन्य अन्तरप्रदेश परिषद्हरूको सक्रियता सबैभन्दा उपयुक्त संयन्त्र हो । संविधानले प्रादेशिक तहका सरकारहरूलाई कार्यात्मक जिम्मेवारी दिएको छ, तर पनि यी सरकारहरूको हातखुट्टा सीमित छ ।

क्यानडा र स्वीट्जरल्यान्डमा विदेश नीति, वार्ता र निर्णयहरूमा प्रान्तहरू र क्यान्टोनहरू समावेश गर्ने परम्परा छ । प्रादेशिक तहमा महत्त्वपूर्ण प्रभाव पार्ने विषयमा निर्णय गर्दा पनि हाम्रोमा सामान्य छलफल हुँदैन । ढुङ्गा, बालुवा र गिट्टी लिने निर्णय कुनै पनि प्रदेश सरकारलाई जानकारी गराइँदैन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रादेशिक सरकारसँग कुनै परामर्श नै नगरीकन प्रादेशिक सरकारको मातहतमा रहेका २४० स्थानीय सडकको उद्घाटन गरेका थिए । यसले नेपालको सङ्घीयता कार्यान्वयनमा समन्वयको अभावलाई उजागर गरेको छ । यी सबैले सङ्घीयतालाई रचनात्मक र पारदर्शीरूपमा कार्यान्वयन गर्न सङ्घीय सरकार प्रतिबद्ध नभएको देखाउँछ । संविधानले प्रादेशिक सरकारलाई दिएको अधिकारको इमानदारीपूर्वक कार्यान्वयन हुन सकेको छैन ।

**निष्कर्षः**

निस्सन्देह कुनै पनि शासन प्रणाली त्रुटिरहित हुँदैन । जब नेताहरू अविश्वासयोग्य हुन्छन् र उनीहरूमा व्यावसायिक नैतिकताको अभाव हुन्छ, तब देशमा समस्याहरू बढ्न थाल्छन् । दुर्भाग्यवश, नेपालमा राजनीतिक दलका नेताहरूको कार्यका कारण छोटो अवधिमा नै सङ्घीय शासन प्रणालीमाथि प्रश्नचिह्न खडा भएको । विकासको लागि अझै धेरै ठाउँ छन् । हामीले राणाशासन, निरङ्कुश राजतन्त्र र संवैधानिक राजतन्त्रसहित विभिन्न राजनीतिक प्रणालीहरूलाई प्रयोग गरिसकेका छौं । शासनका यी सबै तह पार गरिसकेपछि नेपालले सङ्घीयता प्रयोग गर्ने प्रयास गरिरहेको छ । असल अभिभावकत्वको अभावमा सङ्घीयताले अपेक्षित प्रभाव पार्न सकेको छैन भन्ने कुरामा कुनै शङ्का छैन । कर्मचारी व्यवस्थापन, कानूनी र संस्थागत संरचना निर्माण, क्षमता अभिवृद्धि, प्रभावकारी बजेट हस्तान्तरणलगायतका विषयमा समन्वय गर्नुपर्छ । सुदृढ अन्तरसरकारी सम्बन्ध, प्रभावकारी वित्तीय सङ्घीयता, सफल प्रशासनिक सङ्घीयता, कानून निर्माणमा सक्रियता र सेवाप्रवाहमा शीघ्रता भएमा सङघीयता कार्यान्वयनमा ठूलो समस्या आउँदैन । यदि राज्यका अङ्गहरू यी विषयहरू सम्बोधन गर्न थप संवेदनशील हुन्छन् भने जनताले भिन्नता महसूस गर्नेछ र सङ्घीयताका विसङ्गतिहरूलाई समाधान गर्न वा कम गर्न ठूलो योगदान पुग्नेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक

काठमाडौं, १४ जेठ/रासस

यो साता कारोबारको दोस्रो दिन सोमवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। आज नेप्से परिसूचक तीन दशमलव ९३ अङ्कले बढेर दुई हजार ११३ दशमलव २७ को बिन्दुमा कायम भएको हो।

आज विभिन्न ३१७ कम्पनीका ९३ लाख ३० हजार २९५ कित्ता शेयर ५८ हजार ४८३ पटक खरीद-बिक्री हुँदा रु तीन अर्ब ८९ करोड ३७ लाख ६४ हजार १६४ बराबरको कारोबार भएको छ।

आज बैंकिङ समूह शून्य दशमलव ७४, होटल तथा पर्यटन समूह शून्य दशमलव ४९ र निर्जीवन बीमा समूह शून्य दशमलव २२ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्।

विकास बैंक समूह शून्य दशमलव ६३, वित्त समूह एक दशमलव ४१, जलविद्युत् शून्य दशमलव २५, लगानी एक दशमलव ८० र जीवन बीमा समूह शून्य दशमलव ४० प्रतिशतले बढेका छन्। त्यसैगरी, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८, लघुवित्त शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ४९, व्यापार शून्य दशमलव २२ र अन्य समूह शून्य दशमलव ६४ प्रतिशतले बढेका छन्।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेड र नेपाल वेयर हाउजिङ कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएको शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २० करोड ४० लाख ४७ हजार ४३४ बराबरको तीन लाख ५५ हजार ८९५ कित्ता शेयर किनबेच भएका छन्।

# दुर्घटनामा दुईजनाको मृत्यु

चितवन, १४ जेठ/रासस

नारायणगढ-मुग्लिन सडकखण्डमा आइतवार राति भएको सवारी दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या दुई पुगेको छ। मृत्यु हुनेमा प्युठान नौबैइनी गाउँपालिका-३ बस्ने १३ वर्षीय सोयन पुन र ट्रकका सहचालक जिल्ला सिन्धुपाल्चोक बाह्रबीसे नगरपालिका राम्चेका २१ वर्षीय राजन सुवेदी छन्। पुनको राति नै मृत्यु भएको हो भने सुवेदीको चितवन मेडिकल कलेजमा उपचारको क्रममा सोमवार बिहान ८:४५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार ना.३ख ७९१५ नम्बरको ट्रकका सहचालक सुवेदीको उपचारको क्रममा मृत्यु भएको हो।

नारायणगढ-मुग्लिन सडकखण्डको भरतपुर महानगरपालिका वडा नं २९ सत्र किलोमा मध्यराति चारवटा सवारीसाधन एकापसमा ठक्कर खाएका थिए। दुर्घटनामा घाइते अन्य २१ जनाको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ। रिजालका अनुसार काठमाडौंबाट प्यूठानतर्फ जान आउँदै गरेको बा.४ख ९०८६ नम्बरको बस, नारायणगढदेखि मुग्लिनतर्फ जाँदै गरेको ना.३ख ७९१५ नम्बरको ट्रक, काठमाडौंबाट महोत्तरीको बर्दिबासतर्फ जान आउँदै गरेको ना.७ख ३२४८ नंको बस र वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना.६ख ८९६८ नम्बरको बस एकापसमा ठक्कर खाएका थिए।

# 'लहान एक्स्पो'मा डेढ करोडको कारोबार

सिराहा, १४ जेठ/रासस

उद्योग वाणिज्य सङ्घ सिराहा, लहानले गत चैत ३० देखि वैशाख १० गतेसम्म आयोजना गरेको 'लहान एक्स्पोः मधेस प्रदेश अन्तर्राष्ट्रिय महोत्सव २०८०' मा रु एक करोड ५९ लाखभन्दा बढीको कारोबार भएको छ।

सङ्घले आइतवार पत्रकार सम्मेलन गरी १० दिनसम्म चलेको महोत्सवमा एक करोड ५९ लाख ३२ हजार ३५५ रुपियाँको कारोबार भएकामा त्यसमध्ये एक करोड ४८ लाख ५२ हजार ५९९ रुपियाँ खर्च भएको जनाएको छ। सङ्घका अध्यक्ष विकास सारडाले खर्च कटाएर १० लाख ७९ हजार ६५६ रुपियाँ नाफा भएको र आठ लाख ७२ हजार ५६४ रुपियाँ सरकारलाई राजस्व बुझाएको जानकारी दिए।

महोत्सवबाट प्राप्त नाफा रकमको १५ प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरिने नीति अनुसार सप्तरीका अग्निपीडितलाई रु एक लाख रकम बराबरको सामग्री प्रदान गरिएको र बाँकी रकम अन्य सामाजिक क्षेत्रमा खर्च गरिने उनले जानकारी दिए।

# कलम ठूलो कि तलवार

कलम ठूलो कि तलवार भन्ने बहस अक्सर भइरहन्छ। शासक वर्गले सत्ताको उन्मादमा चौथो अङ्गलाई प्रताडित गर्दा अनेक बखेडा सिर्जना गरी पत्रकारहरूलाई शिकार बनाउँदा झन जोरशोरले 'को ठूलो' भन्ने बहस आँधी तूफानझैं बेगवान हुन्छ। सरकार र पत्रकारबीचको तँू-तँू-मैं मैं मा अक्सर कलम ठूलो भन्ने भाष्य निर्माण गरिन्छ। कलमको पक्षमा विन बुलावल मेहमानझैं तर्क गर्ने थुप्रै भेटिन्छन्। तर यथार्थमा यस्तो हुँदैन। कलममा दम भएको भए कान्तिपुर पब्लिकेशनका कैलाश सिरोहियाले दरदरको ठोकर खानुपर्ने नै थिएन। मुछमा ताउ लगाएर एसी कोठामा बसेर नेपालकै नामुद पत्रकारमा दरिएर, मन्त्री, सचिवहरूसँग बात मारेर दिनचर्या बिताइरहेका बिचरा कैलाश अहिले जनकपुरधामको चीसो छिडीमा भेटिने थिएन होलान्।

सत्ययुगमा त यताको सन्देश उता गर्ने नारदलाई धेरैले रुचाउँदैनन्। उल्टै सत्य-तथ्यका वाहकहरूलाई होच्याएर नारदको उपनाम दिन्छन्। एकजनाले कैलाशलाई प्रजातन्त्रको सच्चा समर्थकको उपमा दिंदै भने ज्ञानेन्द्रकालभन्दा चर्को यातना, मानसिक तनाव दिएर सरकारले तानाशाही क्रियाकलापको बीजारोपण गरेको छ।



**मन्तव्य**

कुमार रुपाखेती

**जेहोस्, पत्रकारहरूको गन्थनमन्थन सुन्दा सिरोहियामाथि ज्यादती भएकै हो भन्ने ठूलै जनमत छ। पत्रकार मात्र होइन, सरकारमा लागेका गिनाचुना दलबाहेक सबै विपक्षी दल कैलाशकै पक्षमा देखिन्छन्। यत्रो ठूलो जमात हुँदाहुँदै प्रचण्ड र ओलीले कलमको मसी कसरी सुकाइदिए ?**

प्रजातन्त्रका लडाकू, गणतन्त्रका लडाकू, माओवादीका लडाकू, मधेस आन्दोलनका लडाकूहरूको कन्तविजोग प्रत्यक्ष देखेका हामी सिरोहिया कुन खेतका मुला हुन् भनी प्रश्न गर्न विवश छौं ?

विभिन्न वाद र आन्दोलनका लडाकूहरूले फत्तेपछि हात लाग्यो शून्य पाए, तर सिरोहियाहरूले सरकारी विज्ञापन पाए, कमाए पनि। सरकारको सुविधा-सहुलियत पनि खाने अनि खाएकै थालमा प्वाल पार्न थालेपछि शासकहरूको निद्रा हराम हुने नै भयो। सिरोहियालाई त सरकारले दियो पनि र अहिले आडे हात लियो पनि। बिचरा सरकारले त कैलाशलाई जानकी मन्दिरको दर्शन गराउन पो लगेको हो भन्ने पनि छन्। जेहोस्, पत्रकारहरूको गन्थनमन्थन सुन्दा सिरोहियामाथि ज्यादती भएकै हो भन्ने ठूलै जनमत देखिन्छ। पत्रकार मात्र होइन, सरकारमा लागेका गिनाचुना दलबाहेक सबै विपक्षी दलहरूसमेत कैलाशकै पक्षमा देखिन्छन्। यत्रो ठूलो जमात आफ्नो पक्षमा हुँदाहुँदै प्रचण्ड र ओलीले कलमको मसी कसरी सुकाइदिए ? कलमले करामत किन देखाउँदैन ? त्यसैले म भन्छु हाम्रो नेपालमा कलमभन्दा तलवार नै ताकतवर छ, राणाकालमा झैं। सबैलाई थाहै छ पत्रकारहरूसमेत राजनीतिक दलहरूझैं खेमा-खेमामा विभाजित छन्। माओवादी, एमाले पक्षधर पत्रकारहरू सरकारकै पक्षधर देखिन्छन्। राजधानीका केही नाम चलेका पत्रकारहरू कैलाश र कान्तिपुरकै पक्षमा छन्। एकजना पत्रकारले त यस्तै घटना अन्य पत्रिका गृह वा पत्रकारसँग घटेको भए सिरोहिया समूहले यस्तै हातेमालो गर्थ्यो होला र ? भन्ने प्रश्न पनि उठाएका छन्।

भनिन्छ, गृहमन्त्रीको सहकारी ठगी प्रकरण कान्तिपुर दैनिकले जोरसोरले एपिसोडस्तरमा उठाउन थालेपछि सरकार धरमरिन थालेको र नेस्तानाबुद हुने अवस्था सिर्जना भइरहेको वर्तमान शासनका त्रिनेत्र प्रचण्ड, ओली र लामिछानेको सोची-समझी चाल हो रे यो ? पैसा देखेपछि महादेवको त त्रिनेत्र खुल्छ। सबैलाई थाहै छ सरकारले अहिले बल मिच्याइ गर्दै विपक्षीको भनिने सदनमा समेत कब्जा जमाएको छ।

नेपालमा के हिजो के आज, शासकको तलवार कमलभन्दा धारदार छ। अन्यत्र मुलुकमा पत्रकार र पत्रिकाको सान भिन्दै छ, हाम्रोमा त ल्हासामा सुन छ, मेरो कान बुच्चै। उखान नै छ- अच्छे नियत से आए तो मेहमान, बुरे नियत से आए तो बेइमान। विना मागे दे दे तो भगवान्। हेर्दै जाऔं ...

# वायुसेवा निगमसहित १५ सरकारी संस्थान घाटामा

काठमाडौं, १४ जेठ/रासस

नेपाल वायुसेवा निगमसहित १५ वटा सरकारी संस्थान मुनाफा आर्जन गर्न असफल भएका छन्। संसद्मा आइतवार प्रस्तुत 'सार्वजनिक संस्थानको वार्षिक समीक्षा'मा उक्त कुरा उल्लेख छ।

आर्थिक वर्ष २०७९/८० सम्ममा अस्तित्वमा रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये २६ नाफामा, १५ घाटामा र तीन संस्थानको कारोबार शून्य भएको समीक्षा प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रतिवेदन अनुसार आव २०७९/८० मा सबैभन्दा बढी खुद नोक्सान नेपाल वायुसेवा निगमको रहेको छ। नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड र नेपाल टेलिभिजनको खुद नोक्सान पनि उच्च देखिएको छ।

गत आर्थिक वर्षमा वायुसेवा निगमको खुद नोक्सान रु ६५ करोड २९ लाख ३९ हजार बराबर छ। त्यस्तै, निगमको सञ्चित नोक्सानी रु १६ अर्ब ३७ लाख ६३ हजार बराबर छ। वायुसेवा निगम आव २०७६/७७ देखि हालसम्म निरन्तर नोक्सानमा सञ्चालित छ।

"आव २०७८/७९ को तुलनामा खुद नोक्सान घटे तापनि संस्थानको वित्तीय अवस्था सन्तोषजनक रहेको देखिंदैन," प्रतिवेदनमा भनिएको छ, "वित्तीय संस्थाबाट कर्जा लिई खरीद गरिएका जहाजको साँवा र ब्याज भुक्तानी गर्न समस्या हुनु, उच्च प्रशासनिक खर्च, जहाजको न्यून सञ्चालन, समयमा उडान नहुनु, व्यावसायिक योजनाको न्यून कार्यान्वयनलगायत कारणले समग्र अवस्था खस्कँदो देखिएको छ।"

यसैगरी, खानेपानी संस्थान र नेपाल टेलिभिजन आव २०७५/७६ देखि निरन्तर खुद नोक्सानीमा सञ्चालित छन् भने उदयपुर सिमेन्ट उद्योग लिमिटेड आव २०७६/७७ र दुग्ध विकास संस्था आव २०७७/७८ देखि खुद नोक्सानीमा सञ्चालन भइरहेका छन्। गत आर्थिक वर्षमा खानेपानी संस्थानको खुद नोक्सानी रु ५४ करोड ६९ लाख १९ हजार र सञ्चित नोक्सानी रु तीन अर्ब तीन करोड ७० लाख बराबर थियो।

दुग्ध विकास संस्थानको खुद नोक्सानी रु ४८ करोड ४२ लाख २८ हजार छ भने सञ्चित नोक्सानी रु एक अर्ब ८५ करोड छ लाख, उदयरपुर सिमेन्टको खुद नोक्सानी रु ३६ करोड २८ लाख ८८ हजार र सञ्चित नोक्सानी रु पाँच अर्ब ७८ करोड ८२ लाख बराबर छ। हेटौंडा सिमेन्ट उद्योगको खुद नोक्सानी रु २५ करोड ४८ लाख र सञ्चित नोक्सानी रु एक अर्ब १५ करोड ८६ लाख बराबर छ भने नेपाल औषधि लिमिटेडको गत आवको खुद नोक्सानी रु १५ करोड ५४ लाख र सञ्चित नोक्सानी रु दुई अर्ब १३ करोड ५९ लाख बराबर छ।

नेपाल ओरिनड म्याग्नासाइट प्रालिको खुद नोक्सानी रु १६ करोड ५८ लाख र सञ्चित नोक्सानी रु पाँच अर्ब तीन करोड ७६ लाख र बुटवल धागो कारखानाको खुद नोक्सानी रु तीन करोड ४३ लाख बराबर रहँदा सञ्चित नोक्सानी रु दुई अर्ब १२ लाख बराबर छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले रु १२ करोड ९२ लाख बराबर खुद नाफा कमाउँदा सञ्चित नोक्सानी भने रु ७८ करोड २२ लाख बराबर छ। नेपाल आयल निगम लिमिटेड सबैभन्दा धेरै खुद नाफा गर्ने संस्थानका रूपमा देखिए पनि सञ्चिती नोक्सानी भने रु चार अर्ब ८५ लाख ८९ हजार बराबर रहेको छ।

नेपाल वन लिमिटेड रु सात करोड ४३ लाख खुद नोक्सानीमा हुँदा सञ्चित नाफा रु सात करोड २४ बराबर, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको खुद नोक्सानी रु ४३ लाख ३४ हजार हुँदा सञ्चित नोक्सानी रु ११ करोड २९ लाख बराबर छ।

नेपाल रेलवे कम्पनी लिमिटेडको खुद नोक्सानी रु १९ करोड ९६ लाख बराबर छ भने सञ्चित नोक्सानी रु ५५ करोड ९६ लाख तथा सांस्कृतिक संस्थानको खुद नोक्सानी रु एक करोड ४८ लाख र सञ्चित नोक्सानी रु २८ करोड ४२ लाख बराबर छ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले गत आवमा रु १९ करोड ३६ लाख बराबर खुद नाफा कमाएको देखिए पनि सञ्चित नोक्सानी भने रु एक अर्ब १९ करोड ८७ लाख बराबर देखिएको छ। नेपाल टेलिभिजनको खुद नोक्सानी रु ३५ करोड १२ लाख ६७ हजार र सञ्चित नोक्सानी रु दुई अर्ब ४० करोड ८९ लाख बराबर छ। राष्ट्रिय आवास कम्पनी लिमिटेड रु एक करोड चार लाख खुद नोक्सानी र रु ११ करोड ८५ लाख सञ्चित नोक्सानीमा सञ्चालन भइरहेको छ।

नेपाल टेलिभजनलाई सेवामूलक उद्देश्यका साथ सञ्चालन गर्दा व्यावसायिकता विकास हुन नसक्नु, इन्टरनेटमा आधारित नयाँ सञ्चारमाध्यमका कारण ग्राहक घट्नुलगायतले घाटामा गएको प्रतिवेदनमा उल्लेख छ।

खानेपानी संस्थानमा महसूल बक्यौता उच्च हुनु, स्थानीय तहसँगको कमजोर समन्वय, महसूल समयानुकूल वृद्धि गर्न नसक्नुलगायतका कारणलाई जिम्मेवार ठानिएको छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड आधाभन्दा कम क्षमतामा सञ्चालन हुनु, प्रशासनिक खर्च उच्च हुनुलगायत समस्यामा छ। त्यस्तै, दुग्ध विकास संस्थानले आफ्नो उत्पादनको बजारीकरण गर्न नसक्नु, बजारको मागभन्दा बढी दुग्ध पदार्थ उत्पादन गरी भण्डारण गर्नु, समग्र व्यवस्थापकीय कमजोरी, साँवा र ब्याज समयमा भुक्तानी गर्न नसक्नुलगायत समस्याले खुद नोक्सानी तथा सञ्चित नोक्सानी कम गर्न नसकेको प्रतिवेदनमा जनाइएको छ। सार्वजनिक संस्थानको व्यावसायिक योजनाको कार्यान्वयन अवस्थासमेत कमजोर रहेको प्रतिवेदनले औंल्याएको छ।



**सडकबीचमा ढकमक्क फूलः** जलेश्वर-जनकपुर सडकखण्ड अन्तर्गत महोत्तरीको परिकौलीमा हुलाकी लोकमार्गको बीचमा लगाइएका रूखमा ढकमक्क फुलेका फूल। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# रूपन्देहीमा २०७ उद्योग बन्द

भैरहवा (रूपन्देही), १४ जेठ/रासस

रूपन्देहीमा चालू आर्थिक वर्ष २०८०/८१ मा २०७ उद्योग बन्द भएका छन्।

घरेलु तथा साना उद्योग कार्यालय, रूपन्देहीका कार्यालय प्रमुख नेत्रप्रसाद भुसालका अनुसार चालू आवको वैशाखसम्ममा रूपन्देहीमा २०७ उद्योगले कार्यालयबाट लगत कट्टा गराएका छन्। गत आवमा यसरी लगत कट्टा गराउने उद्योगको सङ्ख्या २१७ रहेको थियो।

कार्यालय प्रमुख भुसालले आर्थिक मन्दीको असर रूपन्देहीमा पनि देखिएको बताए। उत्पादन घट्नुका साथै व्यावसायिक कारोबार पनि घट्दै गएको उनले बताए। "उद्योग बन्द गराउने मात्र हैन नयाँ दर्ता गराउने क्रम पनि घट्दै गएको छ," उनले भने, "आव २०७९/८० मा एक हजार १३० उद्योग दर्ता भएकामा चालू आवमा ७२९ मात्र दर्ता भएका छन्।"

उद्योग मात्र हैन वाणिज्यतर्फको अवस्था पनि उस्तै छ। गत आवमा एक हजार ३०४ व्यवसाय दर्ता भएकामा चालू आवमा हालसम्म एक हजार १७५ वटा मात्र दर्ता भएका छन्। आव २०७९/८० मा व्यवसाय बन्द गराउनेको सङ्ख्या १९ वटा रहेको थियो भने चालू आवमा हालसम्म २६ वटा व्यवसाय बन्द भएको प्रमुख भुसालले जानकारी दिए।

आर्थिक मन्दीको सबैभन्दा बढी असर उत्पादनमूलक उद्योगमा परेको उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउँछन्। "रूपन्देही औद्योगिक केन्द्रको रूपमा रहेको छ, यहाँ ठूला-ठूला उद्योग छन्," उनले भने, "कतिपय बन्द भइसके भने सञ्चालनमा रहेका पनि ३० देखि ४० प्रतिशत मात्र उत्पादन गर्ने अवस्थामा छन्।"

रूपन्देहीमा रहेका १० सिमेन्ट उद्योगमध्ये आधा बन्द भइसकेका छन्। व्यवसाय र अन्य निर्माणजन्य उद्योगको अवस्था पनि नाजुक रहेको उनको भनाइ छ। सरकारले उद्योगी-व्यापारीले राखेका सुझाव समयमैं कार्यान्वयन गर्नुपर्ने उनको धारणा छ। अब आउने बजेटमा निजी क्षेत्रले उठाएका कुरा सम्बोधन हुनुपर्नेमा उनले जोड दिए।

# हल्लैहल्ला माझ टिप्नु छ सही सूचना

विचार



रामकृष्ण रेग्मी

**आमसञ्चार माध्यमको अस्तित्व नै सङ्कटमा पर्ने हो कि जस्तो अनुभव पत्रकारलाई परिसकेको छ। प्रविधिप्रेरित परिवर्तन वा डिजिटल प्रणालीले खोजेको कोणतिर नलाग्दा माध्यमीय सन्देशलाई लिनेको सङ्ख्या न्यून हुने स्पष्ट छ।**

गणतान्त्रिक युगले पाएको नेपाली आमसञ्चार माध्यमको चित्र हेर्दा गतिशील लाग्छ, परिवेश अलि पेचिलो देखिन्छ र चुनौती गम्भीर छ। तिनै आयामका माझ मिडिया उक्सिएको र प्रेस खुम्चिएको परिदृश्य मार्मिक छ। यससम्बन्धी विवेचनाले गहन शोध खोज्छ, सङ्क्षेप आलेखमा त्यो सम्भव छैन। यसैले यहाँ अवलोकन तथा अनुभवका आधारमा तिनको सरल रेखाङ्कन प्रस्तुत गर्ने प्रयास छ।

**चित्र**

आमसञ्चार माध्यमले देशमा आएको परिवर्तनलाई अर्थपूर्ण पार्न, सम्बद्ध सूचना जनसमक्ष पुऱ्याउन र सर्वसाधारणलाई तदनुरूप व्यवहार गर्नका लागि उत्प्रेरणा भाव जगाउन निर्वाह गरेको भूमिका उल्लेखनीय छ। गणतान्त्रिक अभ्यासलाई अघि बढाउन होस् वा भूकम्पको प्रकोप बेहोर्न आवश्यक पर्ने दृढता कायम गर्न होस् वा कोभिडको महामारीलाई साहसिकरूपमा सामना गर्न सचेत रहनुपर्ने अनिवार्यतालाई सहजीकरण गर्न होस्, सञ्चार माध्यमले योगदान दिएको स्पष्ट छ। देशमा भएका बृहत् दुई निर्वाचन शृङ्खलामा जनसहभागिता प्रवर्द्धनका लागि तिनको सूचना प्रवाहको क्रमलाई नियमित तथा निरन्तर तुल्याउन प्रस्फुटित जागरण, विवेक तथा लगनशीलता पनि निकै महत्त्वपूर्ण छन्।

उपरोक्त चारै सन्दर्भलाई आधार मारेर नेपाली आमसञ्चारमाध्यमलाई अवलोकन गर्दा सञ्चारीय क्षमता, समाचारीय परिपक्वता तथा वैचारिक विविधता छर्लङ्ग हुन्छ। पत्रकारिताले समाजका लागि दिनुपर्ने योगदानलाई महसूस गरेको अनुभव जानिफकारहरूले गरेको पनि पाइन्छ। ती बेला सूचना प्रवाहलाई जिम्मेवारी साथ कायम राख्न सहज थिएन, अन्योल, अस्तव्यस्तता थियो, बानी बसेको थिएन र दिशा पनि स्पष्ट थिएन। पत्रकारिताभित्रको मूल्य, मान्यता र सेवाभावले मात्र जाँगर, अठोट तथा गतिशीलतामा ऊर्जा थपेको हो।

त्यस्तै प्राथमिकताका साथ पत्रकारिता सुशासन, सामाजिक परिवर्तन, विकासक्रम, लैङ्गिक समानता तथा समावेशी फाँटतिर पनि क्रियाशील भएको भए अहिले यो देशको अनुहार सकारात्मकरूपमा अर्कै हुन्थ्यो भन्ने विज्ञहरूको भनाइ नसुनिएको होइन। राजनीतिक स्थिरता नभइदिंदा त्यसो हुन सकेन, प्रजातान्त्रिक संस्थाहरू सबल हुन पाएनन्, अर्थतन्त्रलाई दिगो गति लिन सकस भयो, विकासक्रम अपेक्षितरूपमा अघि बढ्न अनेक आयामीय अप्ठेरो पऱ्यो। अनि त्यसको मार सञ्चार जगत्, पत्रकारिता क्षेत्रमा पनि पर्न गयो जसले गर्दा सामाजिक परिवर्तनका मूल मुद्दा किनारा लाग्न गए।

**परिवेश**

गणतन्त्रको झन्डै दुई दशकमा आमसञ्चार माध्यमको परिवेश विविध दृष्टिकोणले परिवर्तन हुन पुगेको यथार्थ सर्वविदित छ। प्रविधिप्रेरित परिवर्तनले सूचना प्रवाहको शैलीदेखि माध्यमीय स्तरमा पनि आमूल उथलपुथल आएको देखिन्छ। विज्ञका अनुसार इन्टरनेट, मोबाइल फोन र सोसल मिडियाको प्रभावले आमसञ्चार माध्यमको प्रयोग, त्यसको आवश्यकता, औचित्य र महत्त्व छायामा परेको अनुभव हुन्छ। समाचारकक्ष, यसका मूल्य मान्यता, कार्यशैली, डेडलाइन, स्कूप, गेटकिपिङ, समाचार चक्र सबै तीबाट प्रत्यक्ष प्रभावित हुन पुगेका छन्।

एक अर्थमा समाचार प्रवाहमा तीन धार देखापरेका छन् : पत्रकारिताका विधि अनुरूप तयार पारिएका सामग्री, नागरिकको अभिव्यक्ति स्वतन्त्रता अनुरूप पोस्टिङ हुने भाव वा सूचना तथा सकारात्मक वा नकारात्मक खास स्वार्थ पूर्तिका लागि सिर्जना गरिएका प्रस्तुतिहरू। यिनमा कुनलाई पत्याउनु कुनलाई नपत्याउनु सर्वसाधारण प्रायः अलमलमा छन्, नीति निर्णायकहरू पनि धरमरमा देखिन्छन्, योजनाकारहरू र नेतृत्व पङ्क्तिलाई दिशा पहिल्याउन हम्मेहम्मे परेको स्पष्ट हुन्छ। पत्रकारिताले विद्यमान परिस्थितिमा हल्ला, कुसूचना वा मिथ्या सूचनाका माझ सही सूचना पहिल्याएर सञ्चार गर्नुपर्ने आवश्यकता छ, तथ्य–सत्य परीक्षणको थप चरण थपिएको छ।

मिथ्या सूचनाको जञ्जाल छिचोल्न त्यति सहज छैन। विज्ञका अनुसार यस भित्रका अनेक आयामीय गलत जानकारी, भ्रामक विषयवस्तु, दुष्प्रचार, छलपूर्ण संयोजन, जालसाजीपूर्ण कोण, तोडमोड, कपटपूर्ण मोडाइ, छल आदिलाई सूचना प्रवाह क्रममा पहिल्याउन विशेष पहल पत्रकारिता क्षेत्रबाट हुनुपर्ने आजको आवश्यकता हो। सञ्चारविद्हरूले त पत्रकारले मात्र मिथ्या सूचनालाई समालेर पुग्दैन, सूचना प्रयोक्ताहरू वा माध्यम उपभोग गर्नेहरू पनि आफूले प्राप्त गरेको सूचना सही गलत के हो भन्ने विषयमा सचेत रहन जरूरी छ भन्ने स्पष्ट पारेका छन्। माध्यम साक्षर हुनुपर्ने कुरामा तिनले बारम्बार जोड दिएको पाइन्छ।

**चुनौती**

शताब्दीभन्दा बढी समयदेखि समाचारको पहिलो स्रोत भइरहेको छापालाई, कैयौं दशकदेखि महत्त्वपूर्ण वैकल्पिक स्रोत भइरहेका रेडियो र टेलिभिजनलाई सोसल मिडियाले प्रस्तुत गरेको प्रतिस्पर्धालाई कसरी समालेर अघि बढ्ने भन्ने हाँक चानचुने छैन। माध्यम नरहँदा पठनशीलता, श्रवणशीलता तथा दर्शनशीलताले उघारेको सभ्यता नै हराउने भय पनि नभएको होइन। त्यसको ठाउँ मनोरञ्जनशीलतामा रमाउने माध्यमले कसरी परिपूर्ति गर्ने हो, अनि राष्ट्रका, जनजीवनका गम्भीर विषयवस्तुलाई मनोरञ्जनात्मक शैलीबाट निरन्तर पेश गरिरहन कति सम्भव होला, ती आफैंमा प्रश्न भएर रहेका छन्। यसको जवाफ सहज छैन, अहिलेसम्म आएको छैन, बहस कायम नै छ।

यान्त्रिक बुद्धि वा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले मानवीय भाव, मनोगत उत्पादनशीलता, अनुभूति, मानवीय सिर्जनालाई, सिर्जनात्मकतालाई विकल्प दिएर अत्याइरहेछ। एआईले बनाएका सामग्रीबाट पत्रकारको प्रस्तुति प्रत्यक्ष चुनौतीमा छ, यस स्थितिलाई बेहोर्ने कसरी? यो नेपाली आमसञ्चारमाध्यमका लागि अर्को एउटा उकालो हो।

टेक्स्ट, चित्र, बोली आदिलाई मिसाएर वा अलग पारेर वा गाँसेर अनेक प्रभाव सिर्जना गर्न सक्ने बहुमिडिया वा मल्टिमिडियाका अनेक सम्भावनाले आमसञ्चार जगत्लाई बेग्लै ढङ्गमा विकसित गर्ने क्रम शुरू भइसकेको यथार्थलाई पनि माध्यमले बिर्सन मिल्दैन। त्यो क्रमलाई माध्यमीय सञ्चारमा कसरी समावेश गरी अघि बढ्ने भन्ने दिशातिर लाग्दा राम्रो हुने एक अभ्यासकर्मीको ठम्याइ हो। आमसञ्चार माध्यमलाई सघाउने समाचार संस्थाहरूले पनि यसै दिशातिर उन्मुख हुनुपर्ने अनिवार्यता छ।

पाठक, श्रोता, द्रष्टा र प्रयोगकर्ता सबै आमसञ्चार माध्यमबाट अन्यत्र सर्दा गुमेको बजार र विज्ञापनको स्थानमा के ल्याउने, कस्तो आयको नमूना पछ्याउने? अन्यत्रझैं यहाँ पनि अलमल छ। युगको माग अनुरूप नचल्दा नहुने, त्यसो गर्न अहिलेसम्मका माध्यमीय परिवेश, संस्था, ढाँचा र स्तम्भ सबैमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता छ।

आमसञ्चार माध्यमको अस्तित्व नै सङ्कटमा पर्ने हो कि जस्तो अनुभव पत्रकारलाई परिसकेको छ। प्रविधिप्रेरित परिवर्तन वा डिजिटल प्रणालीले खोजेको कोणतिर नलाग्दा माध्यमीय सन्देशलाई लिनेको सङ्ख्या न्यून हुने स्पष्ट छ। माध्यमीय सञ्चारमा अबको बाटो के त? शुरूमा चर्चित गर्व गर्न मिल्ने चित्रको आडमा परिवर्तित परिवेशलाई बुझेर विद्यमान र आइलाग्ने अरू हाँकलाई बेहोर्न सकारात्मक र सचेत भूमिका निर्वाह गर्न मल्टिमिडियाले दिएका सबै अवसरलाई प्रयोग गर्न पछि पर्नुहुन्न। त्यस यात्रामा पत्रकारिताका मूल मर्म र मान्यतालाई मध्यनजर गर्दै सन्देशका आँधीमाझ, हल्लाबीच सत्य उपयोगी सन्देश झिकेर सरल, स्पष्ट, सङ्क्षेप, ग्रहणीय प्रस्तुति दिंदा नेपाली माध्यम युगसँगै अघि बढ्न सक्ने बाटो खुल्दै जान्छ। रासस

**–लेखक आमञ्चारविज्ञ तथा प्राध्यापक हुन्।**



वीरगंजमा अत्यधिक गर्मी बढेपछि रिक्शाचालकहरूलाई निकै समस्या भएको छ। गर्मीको कारण उनीहरूलाई दैनिक जीवनयापन गर्नसमेत कठिनाइ भइरहेको छ। वीरगंजको आदर्शनगर क्षेत्रमा वृक्षारोपण गरिएको कारण रूखको छायामा थकाइ मेट्दै रिक्शाचालकहरू। तस्वीरः नितेश कर्ण

## फरक समाचार

## गर्मीमा चीसो राख्ने जडीबुटी

गर्मी मौसममा तापक्रम ४० डिग्री सेल्सियस नाघेपछि तातो लहरको जोखिम निकै बढ्छ। यसबाट बच्न विभिन्न उपाय गर्नुपर्छ अन्यथा तपाईं बिरामी पर्न सक्नुहुन्छ। भारतका प्रसिद्ध पोषणविद् निखिल वत्सका अनुसार गर्मीको मौसममा



शरीरलाई चीसो राख्न चाहनुहुन्छ र गर्मीबाट बच्न चाहनुहुन्छ भने तपाईंले आफ्नो दैनिक आहारमा केही स्वस्थ चीसो जडीबुटी समावेश गर्न सक्नुहुन्छ।

**हरियो धनिया** : हरियो धनिया एउटा बिरुवा हो, जुन व्यञ्जनलाई स्वादिलो बनाउन प्रयोग गरिन्छ। यसले खानाको स्वाद बढाउँछ। यो एउटा कम क्यालोरीयुक्त आहार हो र यसमा भिटामिन र खनिजको कमी छैन। यसको सेवनले शरीरमा रहेको लेड र मर्क्युरीजस्ता भारी धातु हटाउन मदत गर्छ। यो चीसो जडीबुटी हो, जसले गर्मीमा शरीरलाई आराम दिन्छ। धनियामा पाइने एन्टी–माइक्रोबियल गुणले ब्याक्टेरिया र सङ्क्रमणबाट जोगाउँछ। हरियो धनियाको चटनी बनाउन सक्नुहुन्छ वा सलादमा मिसाएर खान सक्नुहुन्छ।

**पुदिना** : पुदिनाको प्रकृति एकदमै चीसो हुन्छ र यसको स्वाद र गन्ध पनि स्फूर्तिदायक छ। यस जडीबुटीमा आइरन, क्याल्शियम, पोटाशियम, म्याग्नेशियम, भिटामिन 'ए' र 'सी' पाइन्छ। यसको पातमा पाइने मेन्थोलले ग्यास्ट्रोइन्टेस्टाइनल ट्र्याक्टको मांसपेशीलाई आराम दिन मदत गर्छ, जसले गर्दा गर्मीमा अपच, ग्याँस र पेट फुल्ने समस्याबाट बचाउँछ। पुदिनाको बिरुवा घरमैं लगाउन सकिन्छ। पुदिनाको पात सीधैं खान सकिन्छ, यसलाई कागती पानीमा मिसाएर वा सलादमा हालेर शर्बत बनाएर पिउन पनि सकिन्छ।

**लेमन बाम** : गर्मीको तापको कारण धेरैलाई राम्ररी निद्रा पर्दैन, यस्तो अवस्थामा लेमन बाम राहतको स्रोत बन्न सक्छ। कागतीको पातमा प्रशस्त एन्टिअक्सिडेन्ट हुन्छ र यसमा भिटामिन सी, फोलेट र थायमिन पनि हुन्छ। यस जडीबुटीमा आरामदायी गुण हुन्छ, जसले चिन्ता हटाउन र निद्रामा सुधार गर्न मदत गर्छ। साथै यो पाचनको लागि राम्रो मानिन्छ। सलाद, लेमोनेड र आइस टीसँग कागती मिसाएर सेवन गर्न सकिन्छ।

**तुलसी** : तुलसी एउटा उत्कृष्ट औषधीय बिरुवा भए तापनि नेपाल रभारतमा यसलाई धार्मिक दृष्टिकोणले अति पवित्र मानिन्छ, त्यसैले यसको बोट धेरैजसो घरको आँगनमा पक्कै देखिन्छ। यो आयुर्वेदिक जडीबुटी गर्मी मौसममा तपाईंका लागि आरामको स्रोत बन्न सक्छ। यसमा भिटामिन 'ए', 'सी', 'के', म्याग्नेशियम, आइरन, क्याल्शियम र पोटाशियम पाइन्छन्। तुलसीमा युजेनोल हुन्छ, जसमा एन्टी–इन्फ्लेमेटरी गुण हुन्छ, जसले दुःखाइ र सुन्निने कम गर्छ। तुलसीको पातको मदतले चीसो पेय तयार गर्न सकिन्छ वा यसलाई सलादमा पनि समावेश गर्न सकिन्छ।

## भूमिगत पानीको स्तर ५५ प्रतिशतले घट्यो

विश्वभर पानीको समस्या बिस्तारै गम्भीर बन्दै गएको छ। विगत ७५ वर्षमा भूमिगत पानीको स्तर करीब ५५ प्रतिशतले डरलाग्दोरूपमा घटेको छ। यसले शुद्ध पिउने पानीको सङ्कट बढ्नेछ र ग्लोबल साउथको जनसङ्ख्या सबैभन्दा बढी प्रभावित हुनेछ। नेदरल्यान्ड्सको युट्रेच युनिभर्सिटीका अनुसन्धानकर्ताहरूले



गरेको यो अध्ययन नेचर क्लाइमेट चेन्जमा प्रकाशित भएको छ।

यसमा भनिएको छ– स्वच्छ पानीको अभाव, मानव र इकोसिस्टम दुवैका लागि ठूलो खतरा भएको छ। यसलाई बेवास्ता गर्नु ठीक होइन। अध्ययनले हाम्रो पानीको मागलाई उल्लेख्यरूपमा घटाउनुका साथै विश्वव्यापी पानीको सङ्कटलाई पार गर्न जल प्रदूषण उन्मूलनमा पनि उत्तिकै ध्यान दिन आवश्यक रहेको उल्लेख गरेको छ। अध्ययनमार्फत अनुसन्धानकर्ताहरूले विशेषगरी विश्वभरि बढ्दो स्वच्छ पानी सङ्कटमा ध्यान केन्द्रित गरेका छन्। ग्लोबल दक्षिण देशहरूमा मुख्यतया अफ्रिका, ल्याटिन अमेरिका, क्यारेबियन, एशिया (इजरायल, जापान, दक्षिण कोरियाबाहेक) र ओशिनिया (अस्ट्रेलिया–न्युजिल्यान्डबाहेक) समावेश छन्।

**भविष्यमा समस्या बढ्दै जाने:** विश्वभर पानीको अभाव अझै बढ्ने अनुमान गरिएको छ। परिवर्तन र प्रभाव दुवै विश्वका सबै क्षेत्रमा समानरूपमा देखा पर्दैन। उदाहरणको लागि पश्चिमी युरोप र उत्तर अमेरिकामा वर्षको केही महीना मात्रै पानीको अभाव हुन्छ। यसविपरीत विकासोन्मुख देशहरूमा पानीको अभाव सामान्यतया गम्भीर हुन्छ र वर्षको अधिकांश समयसम्म रहन्छ।

**पानीको गुणस्तर बिग्रन्छः** भविष्यमा पानीको गुणस्तर खस्किनेछ। यो सामान्यतया द्रुत गतिमा बढ्दो जनसङ्ख्या र आर्थिक विकास, जलवायु परिवर्तन र पानीको गुणस्तर खस्किनुको कारणले हुन सक्छ। अध्ययन अनुसार सुरक्षित पानी प्रयोगका लागि पानीको गुणस्तर महत्त्वपूर्ण भएपनि यसमा कम ध्यान दिइनेछ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# भारतको उत्तरी क्षेत्रमा उष्ण लहर चल्न थाल्यो



भारतको पश्चिम बङ्गाल राज्यको राजधानी कोलकातामा अत्यधिक गर्मीका बीच सडक पार गर्दै महिलाहरू। तस्वीरः पिटिआई

नयाँ दिल्ली, १४ जेठ/सिन्हवा

विगत केही दिनदेखि भारतको उत्तरी क्षेत्रमा तापक्रम ५० डिग्री सेल्सियसको हाराहारीमा पुगेको छ।

गर्मीसँगै उष्ण लहर प्रवाहित हुन थालेपछि दिल्लीसँग जोडिएको गुरुग्राम शहरका विद्यालयहरू आगामी पाँच दिनका लागि बन्द गरिएको छ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी)का अनुसार दिल्ली, हरियाणा, पञ्जाब, राजस्थान र उत्तर प्रदेशको पश्चिमी भागमा व्यापक उष्ण लहर चलिरहेको छ। यो अत्यधिक तातो हावा प्रवाहित हुने क्रम आगामी केही दिनसम्म जारी रहने पूर्वानुमान विभागले गरेको छ।

प्रतिकूल मौसमबाट बालबालिकालाई बचाउनका लागि दिल्लीसँग जोडिएको हरियाणा राज्यको एक भाग गुरुग्राममा कक्षा ८ सम्मका विद्यालयहरू बन्द गरिएका छन्।

उष्ण लहरसँगै गर्मीका कारण हुने विविध स्वास्थ्य समस्यापछि खासगरी शहरी क्षेत्रमा अधिकारीहरूले अतिआवश्यकबाहेकको अवस्थामा घरबाहिर ननिस्कन र छहारीमा बस्न नागरिकहरूलाई आग्रह गरेको छ। रासस

# चीन, जापान र दक्षिण कोरियाबीच सहकार्य बढाउने प्रतिबद्धता

सियोल, १४ जेठ/एएफपी

दक्षिण कोरिया, चीन र जापानका शीर्ष नेताबीच पाँच वर्षपछि पहिलोपटक सोमवार भएको बैठकमा क्षेत्रीय स्थिरताका विषयमा छलफल भएको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योल, चीनका प्रधानमन्त्री ली कियाङ र जापानका प्रधानमन्त्री फुमियों किशिदा करीब पाँच वर्षपछि पहिलोपटक त्रिपक्षीय वार्ताका लागि सियोलमा भेला भएका हुन्।

वार्ताको एजेन्डामा उत्तर कोरिया आधिकारिकरूपमा नभए पनि किशिदाले बैठकपछि भने–"तीनै देशले आणविक निशशस्त्रीकरण आफ्नो साझा हितमा हुने पुष्टि गरेका छन्।"

वार्ता हुनुभन्दा केही घण्टा अघि उत्तर कोरियाले अर्को जासूसी उपग्रह अन्तरिक्षमा पठाउने योजना बनाएको घोषणा गरेको थियो। यसले ब्यालेस्टिक प्रविधि प्रयोग गरेर परीक्षण गर्नबाट रोक्ने संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको उल्लङ्घन गर्नेछ।

युन र किशिदाले प्योङ्याङलाई यो प्रक्षेपण रद्द गर्न आग्रह गरेका थिए भने दक्षिण कोरियाली नेताले यसलाई क्षेत्रीय र विश्वव्यापी शान्ति र स्थिरता कमजोर पार्ने बताएका थिए।

यदि किमले आफ्नो चौथो प्रक्षेपण अघि बढाएमा 'निर्णायक' अन्तर्राष्ट्रिय प्रतिक्रियाका लागि युनले आह्वान गरेका थिए। सियोलले युक्रेनमा प्रयोगका लागि हतियार पठाउने बदलामा रूसी सहयोग आउने दाबी गरेको छ।

"कोरियाली प्रायःद्वीपमा उत्तर कोरियाको आणविक निशशस्त्रीकरण र स्थिरता हाम्रा तीन देशको साझा हितमा छ भन्ने कुरा हामीले फेरि एकपटक पुष्टि गरेका छौं"–किशिदाले बैठकपछि भने।

विश्लेषकहरूले अन्तरिक्ष प्रक्षेपण क्षमता र ब्यालेस्टिक क्षेप्यास्त्रको विकासबीच महत्त्वपूर्ण प्राविधिक ओभरल्याप रहेको बताएका छन्।

चीन उत्तर कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार र प्रमुख कूटनीतिक सहयोगी हो र उसले लामो समयदेखि प्योङ्याङको हतियार परीक्षणको निन्दा गर्दै आएको छ।

चिनियाँ प्रधानमन्त्री लीले आफ्नो उद्घाटन मन्तव्यमा तीनै देश 'पारस्परिक लाभका लागि सहयोग गर्न इच्छुक रहेको' बताए।

"लीले आर्थिक र व्यापारिक मुद्दालाई राजनीतिक खेल वा सुरक्षा मामिलामा बदल्न, संरक्षणवाद अस्वीकार गर्न र आपूर्ति शृङ्खला विच्छेद गर्न आह्वान गरेका बेलायती समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ।

तीन देशले व्यापार र लगानीका लागि पारदर्शी र पूर्वानुमानयोग्य वातावरण सिर्जना गर्ने र सुरक्षित आपूर्ति शृङ्खला स्थापना गर्ने निर्णय गरेको उनले बताए। रासस

# पहिरोमा दुई हजारभन्दा बढी मानिस पुरिए

पपुवा न्युगिनी, १४ जेठ/एएफपी

पपुवा न्युगिनीले संयुक्त राष्ट्रसङ्घलाई सोमवार एङ्गा प्रान्तको दुर्गम पहाडी इलाकास्थित एक गाउँमा शुक्रवार गएको भीषण पहिरोमा परी मृत्यु भएका व्यक्तिको सङ्ख्या दुई हजारभन्दा बढी रहेको जनाएको छ। उनीहरू पहिरोमा पुरिएको बताइएको छ। देशको राष्ट्रिय विपद् केन्द्रले राजधानी पोर्ट मोरेस्बीस्थित संयुक्त राष्ट्रसङ्घको कार्यालयलाई दिएको जानकारी अनुसार शुक्रवार बिहान करीब ३ बजे गाउँलेहरू सुतिरहेको अवस्थामा पहिरो गएको र दुई हजारभन्दा बढी व्यक्ति जीवितै पुरिएका छन्।

मुङ्गालो पर्वतको एउटा ठूलो भाग भत्किंदा सयौं घर पुरिएपछि ठूलो सङ्ख्यामा स्थानीयको मृत्यु भएको हो।

पहिरोले भवन, खाद्यान्न बगैंचामा ठूलो क्षति पुऱ्याएको र यसले मुलुकको अर्थतन्त्रलाई नै ठूलो असर पारेको विपद् कार्यालयले जनाएको छ।

पहिरोका कारण पोर्गेरा खानी जाने मुख्य राजमार्ग 'पूर्णरूपमा अवरुद्ध' भएको संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूलाई सोमवार बिहान प्राप्त पत्रमा उल्लेख गरिएको छ।

"भूस्खलन क्रमिकरूपमा सर्ने क्रम जारी रहेकोले स्थिति अस्थिर रहेको र यसले उद्धार टोली र बाँचेका दुवैका लागि निरन्तर खतरा उत्पन्न गरेको छ"–उनले भने।

पत्रमा पपुवा न्युगिनीका विकास साझेदार र अन्य अन्तर्राष्ट्रिय मित्रलाई पछिल्लो अवस्थाबारे जानकारी दिन संयुक्त राष्ट्रसङ्घलाई आग्रह गरिएको छ। विपद् केन्द्रमार्फत सहयोगको समन्वय गरिदिन आग्रह गरिएको छ। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | राज्यभय |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडाश्रम | कन्या | चोरभय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनलाभ | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**जैविक तटबन्ध निर्माणः** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–११ कलुवापुरस्थित सनवोरा नदीले पुऱ्याएको भूक्षय रोक्न जैविक तटबन्ध निर्माण कार्य गर्दै स्थानीय। कम लागतमा निर्माण हुने र भूक्षय रोक्नका लागि प्रभावकारी हुँदा वडा कार्यालयको बजेटमा स्थानीयले झन्डै चार सय मिटर लामो जैविक तटबन्ध निर्माण गरिरहेका छन्।
तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# वनको घनत्वसम्बन्धी ११ सूचकमध्ये छको प्रगति न्यून, चारको शून्य

काठमाडौं, १४ जेठ/रासस

१५औं आवधिक योजनाले वन घनत्वसम्बन्धी निर्धारण गरेका ११ सूचकमध्ये छमा न्यून र चारमा शून्य प्रगति देखिएको छ। महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० मा ११ वटा सूचकमध्ये एउटामा मात्रै उल्लेख्य प्रगति देखिएको छ।

प्रतिवेदन अनुसार जङ्गल घनत्वमा ९७ दशमलव ७२ प्रतिशत प्रगति देखिएको छ भने छ सूचकमा सातदेखि ५० प्रतिशत प्रगति भएको छ। त्यसैगरी, वैज्ञानिक वन व्यवस्थापन भएको क्षेत्रफल, दर्ता भएका निजी वन विकास, प्लास्टिक पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग र बायो इन्जिनीयरिङ गरेको क्षेत्रफल सूचकमा भने प्रगति शून्य देखिएको छ।

आव २०७९/८० मा लिएको लक्ष्यमध्ये वृक्षारोपण गरिएको क्षेत्रफलको प्रगति १० दशमलव १२ प्रतिशत, बिरुवा उत्पादन सात दशमलव शून्य तीन प्रतिशत, बस्ती तथा बजार संरक्षण केन्द्र २६ दशमलव ६६ प्रतिशत, जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन भएका स्थानीय तह ४० दशमलव १६ प्रतिशत पुगेका छन्। वायुमा 'सस्पेन्सन पार्टिकुलेट'को गाढापनको प्रगति ४९ दशमलव ९७ प्रतिशत छ।

आव २०७९/८० को वार्षिक बजेट वक्तव्यमा उल्लेख भएका क्रियाकलापमध्ये तीन स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा कार्यान्वयन नभएको, एक हजार ४४५ हेक्टरमा घाँसे मैदान निर्माण तथा व्यवस्थापन गर्ने लक्ष्य रहेकामा एक हजार दुई सय हेक्टरमा भएको, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि २८ किलोमिटर मेसजालीसहित तारबार निर्माण गर्ने लक्ष्य रहेको थियो।

ती लक्ष्य तालिकाबमोजिम आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुनेगरी प्रगति हुन नसकेको भन्दै लक्ष्य अनुसारको कार्यान्वयन हुनेगरी कार्यक्रम सञ्चालन गर्नसमेत प्रतिवेदनले आवश्यकता औंल्याएको छ।

प्रतिवेदन अनुसार ताल, सिमसार र पोखरी संरक्षणमा १०९ दशमलव ७४ र औसत रूख सङ्ख्यामा ८१ दशमलव १३ प्रतिशत प्रगति हासिल भएपनि अन्य चार लक्ष्यको न्यून र एक लक्ष्यको शून्य प्रगति छ। निर्धारित लक्ष्यबमोजिमका कार्यहरू कार्यान्वयनमा प्रभावकारिता ल्याइ दिगो विकास लक्ष्य हासिल गर्न मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन र प्रभावकारी अनुगमन गर्नुपर्ने प्रतिवेदनको सुझाव छ।



तस्वीरः सौजन्य

वनस्रोत उपयोग वन नीति २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका र बूढो तथा उमेर पुगेका रूख बढ्दो क्रममा छन्।

आवश्यकता अनुसार आन्तरिक उत्पादनबाट काठ उपलब्ध हुन नसकेका कारण आव २०७७/७८ मा रु दुई अर्ब २३ करोड, आव २०७८/७९ मा रु सात अर्ब ९९ करोड र आव २०७९/८० मा रु छ अर्ब ४० करोडको काठ र काठजन्य सामग्री आयात भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रतिवेदन अनुसार काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अर्बौं रकम बराबरको काठजन्य सामग्री आयात भएको देखिंदा ढलापडा, सुखड खडा रूखहरूको व्यवस्थापन गरी काठलगायतका वन पैदावारको उचित उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले प्रविधि हस्तान्तरण वनस्पति विभागले गरेको अध्ययन अनुसन्धानबाट हालसम्म १८ प्रकारका जडीबुटी एवं वानस्पतिक औषधीय गुण एवं त्यसको उपयोग सम्बन्धमा सूत्र (फर्मुला) विकास गरेको उल्लेख गरेको छ। यस्ता सूत्रहरूको पेटेन्ट लिन सोको संरक्षण गरी निजी तथा सार्वजनिक संस्थालाई हस्तान्तरण गरी राज्यले आर्थिक लाभ प्राप्त गर्न सक्ने अवसर देखिए तापनि यस सम्बन्धमा कानूनी व्यवस्था नरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रतिवेदन अनुसार ठूलो लगानी एवं लामो समयदेखिको निरन्तर प्रयासबाट प्राप्त नतीजाको उपयोग गरी अनुसन्धानात्मक कार्यका लागि थप उत्प्रेरणा प्रदान गर्न, दीर्घकालीनरूपमा लाभ लिन तथा प्रविधि हस्तान्तरण, नवप्रवर्तन एवं नयाँ खोजको व्यवसायीकरण गर्न आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ। कुल ६५ जिल्लामा एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन अनुसार चुरे उत्थानशील आयोक्साको ४२ प्रतिशत अवधि व्यतीत हुँदा एक दशमलव ३१ प्रतिशत र एकीकृत भूपरिधि व्यवस्थापन आयोजनाको अवधि ६० प्रतिशत समाप्त हुँदा नौ दशमलव दुई प्रतिशत मात्र खर्च भएको देखिन्छ। आयोजनाको समयावधिको तुलनामा खर्च न्यून हुँदा बायोक्सको समय र लागत बढ्दै जाने र प्रतिफल प्रासिमा ढिलाइ हुने अवस्था देखिएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन १३६ दिनदेखि एक हजार २४५ दिनसम्म लागेको देखिएको उल्लेख छ। सोमध्ये प्रमाण सङ्कलन गर्न २३८, परिमार्जनका लागि प्रस्ताव फिर्ता पठाएकोमा मन्त्रालयमा पुनः पेश हुन एक हजार १० र सचिवबाट सिफारिश हुन औसतमा २६७ दिनसम्म लागेको प्रतिवेदनमा उल्लेख छ।

मन्त्रालयमा स्वीकृतिका लागि पेश भएका प्रतिवेदन अध्ययन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका लागि कागजातको पूर्णताबेगर सिफारिश हुने, परिमार्जनका लागि पठाएकोमा ढिला गरी स्वीकृत हुने प्रतिवेदनमा उल्लेख छ।

वन तथा वातावरण मन्त्रालय परिमार्जन प्रतिवेदन प्राप्त हुने, आयोजना प्रभावित स्थानीय तहमा गरिने सार्वजनिक सुनुवाइ कार्यक्रमबाट प्राप्त रायसुझाव प्रतिवेदनमा संलग्न नगरी पेश हुने, आयोजनाले अति भएका वन क्षेत्र रूख कटान गर्नुपर्ने सङ्ख्या यकीन नगरी पेश गर्नेलगायतका कारणले प्रतिवेदन स्वीकृत गर्न बढी समय लाग्ने गरेकोसमेत प्रतिवेदनमा उल्लेख छ।

## मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A11CX1PPA25147, इन्जिन नं DHXTTA69755 भएको मधेस प्रदेश ०३–०२८प ७२२७ नम्बरको बजाज कम्पनीको १४९.५ सिसीको र ातो–कालो रङ्गको पल्सर मोटरसाइकल २०८१/०१/१२ गते दिउँसो १:३० बजे वीरगंज महानगरपालिका–३ छपकैया कैलास कोल्ड स्टोर नजीकैबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९६७९७४४२६७ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-संकित द्विवेदी
हालः वीरगंज महानगर-३, छपकैया

# ठोरी पार्कको शिलान्यास

चिरञ्जीवी सापकोटा, ठोरी, १४ जेठ/

ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले सोमवार 'ठोरी पार्क'को शिलान्यास गरेका छन्।




ठोरी गापा–२ सुन्दरबस्तीको कृष्णमन्दिर परिसरमा ठोरी पार्कको शिलान्यास गर्दै अध्यक्ष श्रेष्ठले सङ्घीय र स्थानीय सरकारको लगानीमा रु एक करोडको लागतमा पार्क निर्माण शुरू गरिएको बताए।

उनले पार्कको गुरुयोजनामा करीब रु नौ करोड अनुमानित खर्च लाग्ने भनिए तापनि हाल एक करोडको लागतमा निर्माण कार्य थालनी भएको र आफ्नै कार्यकालमा गुरुयोजना बमोजिमको कार्य सम्पन्न हुने बताए।

कार्यक्रममा उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले पार्क निर्माणमा गुणस्तरीय कार्य गरी समयमा सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिइन्।

हिरण्य बालकृष्ण इन्जिनीयरिङ कन्स्ट्रक्सन प्रालिले पार्कको ठेक्का सकारेको छ। वडाध्यक्ष अमृतकृष्ण सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू, सुरक्षाकर्मी, समाजका अगुवाहरूलगायतको सहभागिता थियो।

पार्क निर्माण सम्पन्न भएपछि पर्यटन प्रवर्द्धनमा ठोरी थप आकर्षकको केन्द्रको रूपमा विकास हुने स्थानीयको भनाइ छ।

# पर्सा र बाराका विद्यालयमा गर्मी बिदा

प्रस, वीरगंज, १४ जेठ/

केही दिनदेखि अत्यधिक गर्मी बढेसँगै अहिले वार्षिक बिदाबाट कट्टा हुनेगरी पर्सा र बाराका सामुदायिक विद्यालयहरू बन्द गरिएका छन्। अत्यधिक गर्मीको कारण पठनपाठनमा समस्या भएपछि विद्यालयहरू बन्द गरिएका हुन्।

वीरगंज महानगरपालिका शिक्षा महाशाखाका प्रमुख अरविन्दलाल कर्णले सोमवार बसेको शिक्षा समितिको बैठकले जेठ १६ देखि १८ गतेसम्म वर्षे बिदामा कट्टा हुनेगरी गर्मी बिदा दिइएको बताए। महानगरले जेठ १८ गतेसम्म बिदा दिए पनि १९ गते शनिवार परेकोले महानगर अन्तर्गतका विद्यालयहरू जेठ २० गतेदेखि मात्र सञ्चालन हुनेछन्।

यसैगरी, पर्सागढी नगरपालिकाले पनि जेठ १६ देखि १८ गतेसम्म तीन दिनका लागि नगरपालिका मातहतका बालविकासदेखि कक्षा १२ सम्मका सबै विद्यालय बन्द गर्ने सूचना जारी गरेको छ।

त्यसैगरी, कालिकामाई गाउँपालिकाले पनि जेठ १६ देखि १८ गतेसम्म बिदा दिएको गापाका निमित्त शिक्षा शाखाका प्रमुख मणिभूषणप्रसाद साहले सूचनामार्फत जानकारी दिएका छन्।

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले पनि जेठ १६ देखि १८ गतेसम्म नपाभित्रका सम्पूर्ण विद्यालयमा बिदा दिइएको शिक्षा, युवा तथा खेलकूद महाशाखाका उपसचिव शिवजी प्रसादले जानकारी गराएका छन्।


## गणतन्त्र दिवस भव्यरूपमा मनाऔं

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।

सङ्घ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# गाई नियन्त्रण

नितेश कर्ण, वीरगंज, १४ जेठ/

जिल्ला प्रहरी कार्यालय, सर्लाहीले सातवटा गाई नियन्त्रणमा लिएको छ।



नेपालबाट भारत लैजाने क्रममा एउटा गाडीमा लोड सातवटा गाईलाई नियन्त्रणमा लिएको सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

उनले सर्लाहीको लालबन्दी नगरपालिका–११ बाट चालक हेमन्त ढुङ्गेल, सहचालक इस्राफुल मियाँसहित गाडी र सातवटा गाई नियन्त्रणमा लिएको र आवश्यक कारबाईको लागि मलङ्गवा भन्सार कार्यालयमा पठाएको जानकारी गराएका छन्।

## खेलकूदको संसार

# जिल्लास्तरीय लिग फूटबल : ग्यालेक्सी युथ क्लब विजयी

नितेश कर्ण, वीरगंज, १४ जेठ/

वीरगंजमा जारी जिल्ला लिग फूटबल प्रतियोगिता अन्तर्गत सोमवार सम्पन्न तेस्रो दिनको खेलमा ग्यालेक्सी युथ क्लबले लालीगुराँस युवा क्लबलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरेको छ।




पर्सा जिल्ला फूटबल सङ्घको आयोजनामा आदर्शनगर खेलमैदानमा भएको आजको खेलमा मध्यान्तर अघि ग्यालेक्सी युथ क्लबका दीपेश जोशीले २६औं मिनेटमा पहिलो गोल गरेका थिए।

यसैगरी, मध्यान्तरपछि ग्यालेक्सी युथ क्लबका रोहन क्षत्रीले ४५औं मिनेटमा र लगत्तै ४६औं मिनेटमा दीपेश जोशीले अर्को गोल गरी तीन गोलको अन्तर पारे। खेल अवधिमा लालीगुराँस युवा क्लबले गोलरहित खेल्यो। आजको खेलमा दुई गोल गरेका दीपेश जोशी 'म्यान अफ दी म्याच' घोषित भए।

यही जेठ २६ गतेसम्म जारी रहने प्रतियोगितामा जिल्लाका १३ वटा क्लब सहभागी भएका आयोजक क्लबका महासचिव विनोद परियारले बताए।

# पशु हड्डी पोखरिया प्रहरीलाई घाँडो

धर्मेन्द्र चौरसिया, पोखरिया, १४ जेठ/

इलाका प्रहरी कार्यालय, पोखरियाले जेठ ११ गते राति बरामद गरेको एक ट्रक पशु हड्डी अहिले सो कार्यालयलाई घाँडो भएको छ।



विन्ध्यवासिनी गाउँपालिका–३ झौवाबाट भारततर्फ लैजाने क्रममा इप्रका, पोखरियाको टोलीले ना.८ख ३०८५ नम्बरको ट्रक नियन्त्रणमा लिएको थियो। सो ट्रकमा पशुहरूको हड्डी रहेको र भारत लैजान लाग्दा नियन्त्रणमा लिएको इप्रका, पोखरियाका प्रहरी निरीक्षक राजन ढकालले बताए।

अहिले सो हड्डी वीरगंज भन्सार, राजस्व अनुसन्धान पथलैया र जिप्रका पर्साले समेत लिन अस्वीकार गरेपछि इप्रका, पोखरियालाई घाँडो भएको हो। पशु हड्डी रहेको झौवामा दुर्गन्ध फैलिएको छ। प्रहरीले चालकलाई हड्डीधनीबारे जानकारी गराए छाड्ने बताएपछि चालकले भारतीय नागरिक सञ्जय चौरसियाको नाम पोलेका थिए। प्रहरीले चौरसियालाई नियन्त्रणमा लिएको छ र ट्रकचालकलाई छाडिदिएको छ।

बरामद हड्डीका कारोबारी चौरसियालाई अभद्र व्यवहार मुद्दा चलाइएको छ। प्रनि ढकालले भाडाको ट्रक भएकोले चालक र ट्रकलाई छाडिएको बताए। चालक र ट्रक छुटे पनि पशु हड्डी भने झौवामा त्यत्तिकै राखिएको छ।

जसले गर्दा दुर्गन्ध फैलिएको छ। गर्मीयाम भएकोले पशु हड्डी त्यत्तिकै राख्दा दुर्गन्ध फैलिएको र यसको व्यवस्थापन अहिलेसम्म गरिएको छैन।

# भारत सरकारको सहयोगमा निर्मित छात्रावास भवनको उद्घाटन

प्रस, विरगंज, १४ जेठ/

नेपाल–भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको काठमाडौंको डिल्लीबजारस्थित पद्मकन्या माध्यमिक विद्यालयको मङ्गलादेवी सिंह मेमोरियल छात्रावास भवनको सोमवार उद्घाटन भएको छ।




तीन करोड २३ लाख रुपियाँ आर्थिक सहयोगमा निर्माण गरिएको भवनको जिल्ला समन्वय समिति, काठमाडौंका प्रमुख सन्तोष बुढाथोकी र भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाशकुमार सिंहले संयुक्तरूपमा उद्घाटन गरेका थिए।

भारत सरकारको अनुदान सहयोगमा भान्साकोठा, डाइनिङ हल, भण्डार, वार्डेन, गार्ड, अतिथि, कार्यालय कक्ष तथा पुस्तकालय, बहुउद्देश्यीय हल, प्रतीक्षालय, हरित कक्ष, कपडा धुने कक्ष, शौचालय, स्नानघर, सौर्य ऊर्जा प्रणालीलगायतका सुविधासहितको ३९ कोठा भएको चार तले छात्रावास भवन निर्माण भएको नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ।

भारत र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाका रूपमा अघि बढाइएको थियो। यस परियोजनाको कार्यान्वयन जिल्ला समन्वय समिति, काठमाडौंमार्फत गरिएको हो।

सन् २००३ देखि भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५१ वटाभन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाएकामा ४९० वटा परियोजना सम्पन्न गरिसकेको छ। काठमाडौं जिल्लाका ४१ परियोजनासहित बाग्मती प्रदेशमा १०६ वटा परियोजना रहेको दूतावासले जानकारी गराएको छ।

# विश्व हिन्दू संस्कृति विद्यापीठलाई आर्थिक सहयोग

प्रस, वीरगंज, ४ जेठ/

सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड, वीरगंज शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वीरगंज महानगरपालिका वडा नं १५ लक्ष्मणवास्थित विश्व हिन्दू संस्कृति विद्यापीठलाई आर्थिक सहयोग गरेको छ।




बैंकले विद्यापीठलाई रु एक लाखको चेक प्रदान गरेको हो।

कार्यक्रममा बैंकका मधेस प्रदेश प्रमुख नितेश खड्गी, क्लस्टर प्रमुख सन्नी खतिवडा, वीरगंज शाखा प्रबन्धक अभय ठाकुरले संयुक्तरूपमा विद्यापीठका प्रधानाध्यापक विष्णुकान्त मिश्रलाई सो चेक हस्तान्तरण गरेका थिए।

### बलात्कार ...

यस विषयमा इलाका प्रहरी कार्यालय, पोखरियामा जबरजस्ती करणीबारे किटानी जाहेरी परिसकेको छ भने अन्य अनुसन्धानको प्रक्रिया, मेडिकल परीक्षणलगायतका काम भइसकेको छ।

घटनाको एक महीना बित्दा पनि अभियुक्तलाई प्रहरीले पक्राउ गर्न नसक्नुमा पीडित पक्षले दुःख व्यक्त गरेको छ। पीडकका भाइ दशरथ यादव जनपद प्रहरीमा सर्लाही जिल्लामा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत रहेकाले उनले नै सो घटना ढाकछोप एवं कमजोर गर्न मिलापत्रको लागि दबाब दिनुका साथै चलखेल गरिरहेको पीडित परिवारको आरोप छ।

यसअघि, इप्रका, पोखरियाका प्रनि मोहनविक्रम केसीले समेत सो घटनामा उदासीनता देखाउँदा पीडक पक्राउ परेको थिएन। हालै जिम्मेवारी सम्हालेका पोखरियाका प्रनि राजन ढकालले पनि घटनामा आवश्यक कानूनी प्रक्रिया अगाडि नबढाएको पीडित पक्षको आरोप छ। पीडक अहिले गाउँमैं लुकीछिपी बसे तापनि नजीकको प्रहरी र पोखरिया प्रहरीले पक्राउ नगर्दा आफूहरू झन् पीडामा परेको पीडित पक्षको भनाइ छ।